# अर्जुनचौपारी गाउँपालिका



## गाउँपालिका योजना पुस्तिका
## आ.व. २०७७/७८

**अर्जुनचौपारी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**अर्जुनचौपारी, स्याङ्जा**

# विभिन्न विकास निर्माणका झलकहरु













# विषय-सूची


| क्र.स. | विवरण | पेज नं. |
|---|---|---|
| १ | गाउँपालिकाको संक्षिप्त परिचय | ८-११ |
| २ | बार्षिक नीति तथा कार्यक्रम | १२-२४ |
| ३ | आर्थिक बर्ष २०७६/७७ को बजेट बक्तव्य | २५-३५ |
| ४ | आर्थिक ऐन (विभिन्न कर/दस्तुर) अनुसूची - १-९ | ३६-५२ |
| ५ | अनुसूची- ९ शेवा तथा शुल्क | ५३ |
| ६ | विनियोजन ऐन | ५४ |
| ७ | अनुसूची- १ राजश्व तथा अनुदान प्राप्तिको अनुमान | ५४-५५ |
| ८ | अनुसूची- २ आयको श्रोत मिलान | ५६ |
| ९ | अनुसूची- ३ आन्तरिक श्रोत तर्फको अम्दानी अनुमान | ५७ |
| १० | अनुसूची - ४ बार्षिक विकास कार्यक्रम | ५७-६३ |
| ११ | अनुसूची - ५ समपुरक कोष | ६४ |
| १२ | अनुसूची- ६ वडा स्तरीय योजना/कार्यक्रमहरु | ६५-७५ |
| १३ | अनुसूची- ७ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ७५-८९ |
| १४ | अनुसूची- ८ गा.पा./प्रदेश सरकार तथा केन्द्र सरकार सँग माग गर्ने योजनाहरु | ८९-९९ |

## अर्जुनचौपारी गाउँपालिकाको पहिचान

अर्जुनचौपारी गाउँपालिकाको पूर्वमा पुतलीबजार नगरपालिका, पश्चिममा पर्वत जिल्ला उत्तरमा आँधीखोला गाउँपालिका र दक्षिणमा भीरकोट न.पा. रहेको यस गाउँपालिका साविकको गा.वि.स हरु अर्जुनचौपारी, रापाकोट, आरुचौर, दरौ गा.वि.स र पञ्चमुल गा.वि.स का वडा नं. ३ र ७ समावेस भई अर्जुनचौपारी गाउँपालिका स्थापित भएको र यस गाउँपालिकाको जनसंख्या २१३७८ तथा क्षेत्रफल ५७.२२ वर्ग किलोमिटरमा फैलिएको र वडा संख्या ६ भएको गाउँपालिकाको कार्यालय साविक अर्जुनचौपारी गा.वि.स कार्यालयकै केन्द्रमा रहेको छ । भौगोलिक दृष्टिकोणले अत्यन्तै मिलेको कचौरा आकारमा रहेको यस गाउँपालिकालाई एकै नजरबाट वारीबाट पारी, पारीबाट वारी हेर्न सकिन्छ । जल र थलले साथ दिएको यस क्षेत्रको उत्तर तर्फ फर्केका साविकका अर्जुनचौपारी गा.वि.स को वडा नं. १,२,३,६,७,८ र ९ रापाकोटको ५ र ८ को भूभागमा सुन्तला खेती तथा कफिको लागि समेत योग्य जमिन भएको हुँदा उक्त ठाउँका बासिन्दाहरु सुन्तला खेतीका साथै कृषि क्षेत्रमा तल्लीन छन । अर्जुनचौपारी गाउँपालिकाको बिचबाट बग्ने दरौ खोलाले जमिन कटान र बाढीपहिरोको कारण पनि बढि नै रहेको हुनाले यस गाउँपालिका को केन्द्र बिन्दु नै जोखिम अवस्था देखिएकोले यसको बारेमा सचेत र अझ व्यवस्थित गर्नुपर्ने देखिन्छ र अर्जुनचौपारी को नामकरण यसरी रहयो भन्ने तथ्य आधार कतै बाट किटानि साथ पाइदैन । स्थानीय जानकारहरुका अनुसार **आरनको चौतारी** बाट अपभ्रंस हुँदै यसको नाम बिस्तारै अर्जुनचौपारी रहन गएको हो भन्ने सुन्न पाईन्छ ।

**यस क्षेत्रका स्थानीय स्तरका सरकारी कार्यालयहरु** ः

- स्वास्थ्य चौकि ४ वटा
- आयुर्वेद औषधालय २ वटा
- प्रहरीचौकि २ वटा
- सव डिभिजन वन कार्यालय १ वटा

**शैक्षिक क्षेत्रः**

- प्राथमिक आधारभुत विद्यालय संख्या २२
- नि.मा.वि ३
- मा.वि. ६

गरी जम्मा विद्यालय संख्या ३१ रहेका छन ।

## १. ऐतिहासिक पर्यटकिय क्षेत्र

अर्जुनचौपारी गाउँपालिका समुद्र सतहबाट ८२० देखि करिब २२०६ मिटरको डहरेदेउराली लेक सम्मको उचाईमा विस्तारित छ । १९४५ मिटर उचाई भएको प्रसिद्ध टाउँको लेख (तामुको जुरो) मा कामधेनु गाईको शिला समेत रहेको र उक्त स्थानबाट स्याङ्जा जिल्लाको अधिकांश समथर भुभाग ३६० डिग्रीमा दृश्य अवलोकन गर्न सकिन्छ । ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले यसको बारेमा अध्ययन अनुसन्धान गरी ग्रामिण पर्यटन प्रर्वद्धन गर्न सक्ने सम्भावना पनि त्यतिकै रुपमा रहेको छ साथै आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याई प्रशस्त आयआर्जन गर्न सकिने सम्भावना र अवसर विद्यमान छ ।

- अर्जुनचौपारी गाउँपालिका बाट १ कि.मि को दुरीमा रहेको बराह क्षेत्र उत्तिकै महत्वपूर्ण छ, उक्त बराह क्षेत्र तनहुँको प्रसिद्ध ढोर बाराही मन्दिरमा भाकल गरि सोहि स्थानमा समेत पुजा गर्ने गर्छन र उक्त गुफा भित्र पानिको पोखरी समेत भएको र सो पोखरिमा माछा समेत देख्न सकिन्छ । उक्त स्थान खोज तथा अन्वेषणका लागि अत्यन्तै महत्वपूर्ण देखिन्छ ।
- साविक रापाकोट वडा नं. ४ र पर्वतको सिमानामा रहेको एकानन्द गुफा समेत प्रचलित रहेको र उक्त स्थानमा प्रत्येक बर्ष बालाचर्तुदशीमा सद्बीज छर्ने भक्तजनहरुको समेत उल्लेखनीय मात्रामा घुइँचो लाग्दछ ।
- वडा नं.५ स्थित डहरेदेउराली धार्मिक तथा पर्यटकिय दृष्टिकोणले उत्तिकै महत्वपुर्ण छन ,समुद्री सतहबाट करिब २२५९ मि.उचाईमा रहेको र उक्त स्थान बाट पोखरा, कुश्मा, बाग्लुङ, म्याग्दी, बलेवा लगायतका मनोरम दृश्य अवलोकन गर्न सकिने ,बाला चतुर्दशीमा मेलामा सद्बीज छर्ने, मेला लाग्ने भक्तालुजनहरु साधुसन्तहरु बस्दै आएका छन । मठ मन्दिरहरु निर्माण भएका छन ,पर्वतबाट ग्रामिण सडक पुर्‍याई सकेको र वडा नं.५ आरुचौरबाट ग्रामिण सडक निर्माणाधीन अवस्थामा रहेको छ ।
- दराँै थाप्लेलेख : ३६० डिग्रीमा मनोरम दृश्यअवलोकन गर्न सकिने थाप्लेलेखबाट पोखरा र पाल्पाको दृश्य समेत देख्न सकिन्छ र उक्त स्थानबाट आँधिखोलाको पञ्चमूल पर्यटकिय क्षेत्र हुँदै वडा नं. ६ को डहरेदेउराली, ताल पोखरी, पर्वत र स्याङ्गजाको दोसाँध घण्टे मल्काँउ, घडेरी भञ्ज्याङ्ग, टाउँको लेख , लामडाडाँ र माझपाटा हुँदै अर्जुनचौपारी बजार सम्म रिङरोड बनाउन सकेमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याई प्रशस्त आयआर्जनको सम्भावना देखिन्छ ।
- धार्मिक स्थलहरुको सन्दर्भमा हिन्दुहरुको महान चाड विजयादशमी तथा चैतेदशैंमा रापाकोट कालिका देवी र लामडाँडाको कालिका देवी मन्दिरमा धेरै भाकल गरि आफ्नो मनोकाङक्षा पुरा भएको भनी पुजाआजा तथा मेला लाग्ने गर्दछ ।

**२. यातायात**

सिद्धार्थ राजमार्गको पु.व.न.पा वडा नं. ७ को हेलुबाट शाखा बाटाको रुपमा जिल्लाकै पुरानो बाटाको रुपमा चिनिने हेलु अर्जुनचौपारि रापाकोट,घण्टे, छापा,सल्यान,आग्रिखर्क हुदै पर्वतको लुखुं, भोक्सीङ भन्ने ठाउँ सम्म पोखरा भैरहवाका लागि बस सञ्चालनमा आएको धेरै वर्ष सम्म यो बाटो पिच (कालोपत्रे) हुन नसकेको अवस्था रहेको र सोहि बाटाबाट यस गाउँपालिकाको ६ वटै वडाहरुमा कच्चि धुले बाटाहरु जोडिएका छन ।

**३.व्यापार व्यवसाय**

यस गाउँपालिका क्षेत्रभित्रका अधिकांस जनताहरुको किनमेल गर्ने एक मात्र अर्जुनचौपारी बजार भएकोमा यातायातको सुविधा हरेक वडामा पुगेको हुदा व्यापारिक दृष्टिकोणले व्यापार व्यवसाय अत्यन्तै न्युन छन । यस अर्जुनचौपारी बजार शुरु शुरुमा स्थापना अवस्थामा पर्वतको २५५ जनताले समेत किनमेल गर्ने एक मात्र स्थापित बजार हो

**४.जातजाति**

यस गाउँपालिकामा अधिकांश ब्राह्मण ,क्षेत्री,दलित ,गुरुङ,घर्ती जातिहरुको बसोबास रहेको पाईन्छ । धर्मको सन्दर्भमा अधिकांश हिन्दु धर्मावलम्बीहरु छन, गुरुङ समुदायमा वोन धर्म र बौद्ध धर्म मान्नेहरु देखिन्छन ।

**५.धर्मका आधारमा जनसंख्या**

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य धर्म हिन्दु र बौद्ध रहेको छ । यहाँका मुख्य बासिन्दा ब्राह्मण तथा क्षेत्री रहेको हुनाले जनसंख्याको अधिकांश हिस्साले हिन्दु धर्म मान्ने गरेको पाईन्छ । धर्मका आधारमा यहाँको जनसंख्याको अवस्था तलको तालिकामा दिईएको छ ।

| सि.नं. | धर्म | वडा नं. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | प्रतिशत |
| १ | हिन्दु | ८७७ | ५४७ | ४३८ | ३६५ | ८०५ | ६८२ | ३६६० | ९६.२९ |
| २ | वौद्ध | ७ | ९ | ३१ | ३४ | १० | ४२ | १३३ | ३.४५ |
| ३ | मुस्लीम | ३ | ० | ० | ० | ० | ० | ३ | ०.०८ |
| ४ | क्रिश्चीयन | १ | १ | ० | ० | ३ | २ | ७ | ०.१८ |
| जम्मा | | ८८८ | ५५७ | ४६९ | ३३९ | ८१८ | ७२६ | ३७७३ | १०० |

**६.रोजगार**

यहाँका अधिकांश युवाहरु हरेक महिना ब्रिटिश गोर्खा, भारतीय सैनिक, नेपाली सेना साथै वैदेशिक रोजगारका शिलशिलामा खाडि मुलुकमा पलायन भइरहेका देखिन्छ,सरकारी नोकरीमा आबद्ध भएको कमै मात्र पाईन्छ ।

**७.मुख्य पेशा कृषि तथा पशुपालन**

यस गाउँपालिकाको अधिकांश जनताहरु कृषि, खेति तथा पशुपालनमा जीविकोपार्जन गरेको पाइन्छ ।

**८. सहकारी सम्बन्धी विवरण**

| क्र.स. | सहकारी संस्थाको विवरण | स्थान | वडा नं. |
|---|---|---|---|
| १ | ग्रामीण स्वावलम्बन तथा कृषि सहकारी संस्था लि. | अर्जुनचौपारी | १ |
| २ | कालिका बचत तथा कृषि सहकारी संस्था लि. | अर्जुनचौपारी | १ |
| ३ | भू.पू बचत तथा ऋण सहकारी संस्था लि. | अर्जुनचौपारी | १ |
| ४ | कफि तथा फलफूल सहकारी संस्था लि. | अर्जुनचौपारी | १ |
| ५ | दरौंखोला श्रमिक सहकारी संस्था लि | अर्जुनचौपारी | १ |
| ६ | अर्जुनचौपारी कृषि सहकारी संस्था लि | अर्जुनचौपारी | १ |
| ७ | खाल्टे कफि उत्पादक सहकारी संस्था लि | अर्जुनचौपारी | २ |
| ८ | भगवतीमाई बहुउद्धेश्यीय सहकारी संस्था लि | अर्जुनचौपारी | १ |
| ९ | रापाकोट बहुउद्धेश्यीय महिला सहकारी संस्था लि. | सिमलचौर | ३ |
| १० | जनविकास साना किसान कृषि सहकारी लि. | सिमलचौर | ३ |
| ११ | दिगो कृषि बचत तथा ऋण सहकारी संस्था लि | आरुचौर | ५ |
| १२ | डहरेदेउराली साना किसान सहकारी संस्था लि | आरुचौर | ५ |
| १३ | तमाखुबारी कृषि सहकारी संस्था लि | तमाखुबारी | ६ |
| १४ | दरौं साना किसान सहकारी संस्था लि | दरौं | ६ |
| १५ | दरौं बहुउद्धेश्यीय सहकारी संस्था लि | दरौं | ६ |

**९.खानि सम्बन्धमा**

यस गाउँपालिकाको वडा नं. २ केवरे, वडा नं. ३ र वडा नं. ६ का विभिन्न स्थानहरुमा घर छाउने ढुगां खानीहरु रहेका छन । टाउँको लेख, भौगोलिक हिसाबले ठुलो भुभाग जंगलै जंगलले भरिएको भएपनि पुर्वजहरुको कथन अनुसार उक्त टाउँको लेखमा तामाको खानि भएको हुँदा सो क्षेत्रमा पानीको मूल पलाएको थाहा पाईएको छैन ।

**१०.वन वातावरण**

यस गाउँपालिका क्षेत्र अर्न्तगत वन जंगलहरुमा बढी चिलाउने,कटुस,उत्तिस, सल्लो, गुँरास, खर्शु, पैयुँ र केहि ठाउँमा सालको जंगल पाईन्छ । र यो क्षेत्रको मौसम समशितोष्ण देखिन्छ

# अर्जुनचौपारी गाउँपालिकाको सातौं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री दीर्घनारायण अर्यालज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम २०७६

उपस्थित गाउँपालिकाका उपाध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

आज यस गाउँपालिकाको गरिमामय सातौं गाउँसभाको ऐतिहासिक घडिमा सभामा उपस्थित सम्पूर्ण सहभागीहरुमा प्रथमत हार्दिक स्वागत गर्न चाहन्छु । नेपालको इतिहासमा युगान्तकारी परिवर्तनका लागि विभिन्न समय र कालखण्डमा राष्ट्र, राष्ट्रियता, देश र जनताका लागि आफ्नो ज्यान अर्पण गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । त्यसैगरी गौरबमय आन्दोलनको क्रममा घाईते, अपाङ्गता भएका सम्पूर्ण योद्धाहरु, टुहुरा वालावलिका एवं वेपत्ता, तिनका परिवारजनहरुमा पुनःस्मरण गर्दै मन, वचन र कर्मले सदा सामाजिक सेवामा समर्पण हुने प्रतिवद्धता व्यक्त गर्दै आगामी आ.व.को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## गाउँसभा सदस्य,

नेपालको संविधान २०७२ ले सिर्जना गरेको ३ वटा सरकारको संरचना अनुसार नागरिक सँग प्रत्यक्ष सरोकार राख्ने उनिहरुकै धरातलमा रही रहने स्थानीय सरकारको गठन पश्चात निर्वाचन भएको तेश्रो बर्षको दौरान कोभिड-१९ कोरोना भइरस चिनबाट उत्पादित भई विश्वभर संक्रमण फैलिएको अवस्थामा नेपाल पनि अछुतो रहन सकेन । सो सम्दर्भमा २०७६ चैत्र ११ बाट देशमा लकडाउन भएसँगै हामीहरुमा पनि लकडाउनको अवस्थाले हाम्रा विकास निर्माणका गतिविधिहरुमा गतिरोध हुन गएकोले हाम्रो आर्थिक, सामाजिक, भौतिक निर्माण, शैक्षिक गतिविधीहरु दिनप्रतिदिन शिथिल हुन पुग्नु अस्वाभिक भएन । कोभिड-१९ को संक्रमणका कारण सुरुभएको लकडाउनको क्रममा क्वारेन्टाईन निर्माण सँगै गाउँपालिकाले तय गरेका क्वारेन्टाईन केन्द्रमा शुरुमा ६४ जना बस्नु भई सवैको RDT Test गरिएको थियो । सवैमा Negative नतिजा आएकोले सवैमा सान्तोना आउनु स्वाभिक थियो । दोश्रो चरणमा भारत र अन्य देशहरुबाट मातृभूमी सम्झी आफ्नो जन्म स्थान यस गाउँपालिका प्रवेश गर्नेको संख्या तिव्र रुपले बढी रहयो । सवैलाई गाउँपालिकले तोकेको क्वारेन्टाईनमा राखिने काय सँगै सवैको स्वावटेस्ट PCR गर्ने काम भईसकेको छ र कतिको PCR Report आउन बाँकीनै छ भने अहिले २०० भन्दा बढी क्वारेन्टाईनमा रहीरहनु भएको छ भने २ जनामा Positive देखिएकाले हेलु स्थित कालिका सामुदायिक अस्पतालको आइसोलेसन वार्डमा राखिएको । अहिले विदेशबाट आउनु हुनेको संख्या दिन प्रतिदिन बृद्धि हुदैछ । यस संकटको घडीमा क्वारेन्टाईनमा बस्नु हुने, आइसोलेसनमा बस्नु हुने र उहाँहरुको सहयोगको लागि अहोरात्र सेवा र रेखदेख गर्न खटिनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, शिक्षक, विभिन्न संघ संस्थाका प्रतिनिधीहरु, एम्बुलेन्स चालक, जनप्रतिनिधीहरु र वर्तमान अवस्थाको लागि राहत स्वरुप सहयोगी हात फैलाउनु हुने संघसंस्था एवं व्यक्ति महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । कोभिड १९ बाट स्वदेश तथा विदेशमा संक्रमित हुनु भएका नेपाली दाजुभाई दिदिबहिनीहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

## गाउँसभा सदस्य,

आज यस गाउँपालिमा औद्योगिकग्रामको शिलन्यास कार्यक्रम सम्पन्न भईसकेको र अन्य निर्माण कार्य प्रकृयामा रहेको छ । त्यसैगरी सहेले बगरमा खेलकूद मैदान निर्माणाधिन अवस्थामा रहेको छ, फोहरमैला व्यवस्थापन प्रशोधन केन्द्र निर्माणाधिन अवस्थाको प्रकृयामा रहेको छ । यसरी विकासको गतिमा

कुदीरहेको अवस्थामा अचानक विश्वमा महामारीको रुपमा फैलिएको कोभिड-१९ ले हाम्रो आर्थिक, सामाजिक, शैक्षिक अवस्थामा भौतिक निर्माणको अवस्थामा गतिरोध पैदा भई मानविय अवस्थामा समेत ठूलो समस्या आइपरेकाले दशौं बर्ष पछि पर्नु पर्ने अवस्था रहेको यहाँहरुमा अवगत गराउन चाहन्छु । अहिलेको अवस्थामा पहिलो प्राथमिकता भनेको नागरिकहरुलाई महामारीको रुपमा फैलिएको कोरोना भाईरसबाट बचाउनु रहेको छ भने त्यसपछि मात्र विकास निर्माण गर्न समयले देखाएको छ । हामी अहिले कोभिड-१९ को रोकथाम र सोको व्यवस्थापका लागि जुटीरहेका छौ । आगामी आर्थिक बर्ष हाम्रो लागि चुनौतिपूर्ण रहेको हुनाले हामी जनप्रतिनिधीहरु र कर्मचारीहरु संवेदनशिल भई कम श्रोत र साधनबाट विदेशबाट मातृभूमी फर्किनु भएका दाजुभाई दिदिबहिनीहरुको रोजगार, भोकमरीको समस्या समाधान गर्नुपर्ने महत्वपूर्ण जिम्मेबारी रहेको छ । अर्को तर्फ भईरहेको संरचनाहरु संरक्षण र स्तरोन्नतीका कार्यहरु अघि बढाउन अझ बढी चुनौतिका विषयहरु हाम्रो अगाडी खडा रहने छन । स्थानीय सरकारको सिमित श्रोत र सधानले कोभिड-१९ बाट बच्न बचाउन र पालिकाको सर्वाङ्गीण विकास गर्न कम चुनौतिपूर्ण छैन हामी जनप्रतिनिधीहरु अनुशाशित र संवेदनशिल भई दिगो आर्थिक विकास र सम्वृद्धिका लागि उत्पादनमा जोडदिई कृषिमा आत्मनिर्भर हुनु अवको आवश्यकता रहेको छ ।

**गाउँसभा सदस्य**,

१. नेपालको भूमि कालापानी, लिम्पीयाधुरा, कालापानी क्षेत्रलाई नेपालको नक्शामा समावेश गर्ने र नेपालको निशाना छापलाई संविधान संशोधन गरी परिमार्जन गर्ने नेपाल सरकारको ऐतिहासिक र राष्ट्रवादी कदमको स्वागत गर्दछु । ऐतिहासिक दस्तावेज, नक्शा तथा प्रमाणका आधारमा मित्रराष्ट्र भारत सरकारसँग कुटनितिक माध्यमबाट नेपालको भूमि फिर्ता लिने कार्यमा नेपाल सरकारलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

२. सीमित श्रोत तथा साधनको अधिकतम परिचालन गरी गाउँपालिकाको सर्वागींण विकास गर्ने लक्ष्य तथा गन्तव्य सहित गाउँपालिका तीव्र रुपमा अगाडी बढीरहेको अवस्थामा कोभिड १९ को संक्रमणको सामना गर्नु पर्दा गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायतका सम्पूर्ण गतिविधी प्रभावित भएका छन । यस विषम परिस्थितिमा स्थानीय सरकारले प्राप्त गरेका केहि महत्वपूर्ण उपलव्धीहरु यस सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

३. नेपाल एकात्मक शासनबाट संघीय शासन व्यवस्थामा रुपान्तरित भएतापनि आर्थिक, प्रशासनिक हिसावले पूर्ण रुपमा संघीय शासनको विधी पद्धती कायम हुन नसक्दा, संघ तथा प्रदेशमा आवश्यकता अनुसारका कानूनहरु निर्माण हुन नसक्दा, संविधानले व्यवस्था गरेको काम कर्तव्य अधिकारहरु निर्वाध रुपले अभ्यास गर्ने संयन्त्र तथा व्यवस्था भइनसकेको अवस्थाको बावजुद पनि यस गाउँपालिका विधिको शासनमा आधारित पारदर्शी, जवाफदेखि, परिणाममुखि र नागरिकमैत्री शासन व्यवस्था कामय गर्न महत्वपूर्ण हुने कानूनहरु हालसम्म २४ वटा निर्माण भएका छन् र सो क्रम जारीनै रहेको छ ।

४. गाउँपालिकाको विकास नीति तथा योजनालाई मार्ग निर्देशन दिन, विकास र समृद्धिलाई अल्पकालिन मध्यकालीन तथा दीर्घकालिन लक्ष्य समेटी अर्जुनचौपारी गाउँपालिकाको प्रथम पञ्चबर्षिय योजना तर्जुमा गरिएको छ । जसमा स्थानीय सरकारको दिगो विकासको लक्ष्य तय गरिएको छ ।

५. एक स्थानीय तह एक औद्योगिकग्राम कार्यक्रम अन्तर्गत यस अर्जुनचौपारी गाउँपालिकाको औद्योगिकग्राम बन्ने तयारी अन्तीम चरणमा रहेको छ । त्यसैगरी यसै आ.व.मा प्रशासनिक भवन निर्माण सम्वन्धी तयारी अन्तिम चरणमा पुगेको छ भने श्रोत सुनिश्चित भएपछि आवश्यक प्रकृया अगाडी बढाईनेछ । फोहरमैला प्रशोधन केन्द्रको निर्माण कार्य हुदैँछ । अर्जुनचौपारीको गौरबको योजना अन्तर्गत रहेका केन्द्रीय सडक योजना सँग जोडने गाउँपालिकाको प्रवेश विन्दु हेलु-अर्जुनचौपारी गाउँपालिका सडक निर्माण कार्य भैरहेको छ । गाउँपालिका देखि वडा नं. ३,४, ५ हुँदै पर्वत जोड्ने सडक निर्माण हुदैछ । वडा नं. २ तथा ६ अन्तर्गतका गाउँपालिका जोड्ने सडक सुधार तथा स्तरोन्नती भएको छ तथा हुदैछ । यसैगरी वडा नं. २,३ ४ र ५ को वडा कार्यालयहरु निर्माण हुदैँछन । मेशीनरी साधनद्धारा सडक निर्माण गर्न पटक पटक असम्भव भएको घट्टेको पहरामा बम विस्फोटनको माध्यमबाट सडक निर्माण कार्य थालनी गरिएको छ । अर्जुनचौपारी गाउँपालिकास्तरीय खेलमैदान निर्माण कार्य भईरहेको छ । ग्रामीण स्तरमा शाखा सडक निर्माण तथा सुधार कार्य भइरहेको छ । सिंचाई कूलो, खानेपानी, गोरेटोबाटो लगायतका कार्यहरु समेत धमाधम निर्माण भईरहेका छ्न । गाउँपालिकास्तरीय खेलकूद मैदान सहले बगरमा निर्माण भइरहेकोछ ।

६. कृषिमा आधुनिकिकरण, व्यवसायीकरण तथा यान्त्रीकरण गर्न हाते ट्याक्टर, कम्वाईन मिल, रुख काट्ने मेशिन वितरण गरिएको छ भने युवा उद्यमी व्यवसायीहरुको मनोवल उच्च राख्न व्याज अनुदान प्रदान गरिएको छ । सुन्तला, कागती, टिमुर लगायतका विरुवाहरु वितरण कार्य गरिएको छ । कृषिको थप विकास गर्नका लागि पशु बिमा कार्यक्रम संचालन गरिएको छ, पशु रोगको उपचार तथा औषधी वितरण लगायत घरदैलो सेवा समेत प्रदान गरिएको छ ।

७. कृषिको चक्लाबन्दीको लागि मजुवा फाँटमा जग्गा चक्लाबन्दीको निर्माण कार्ययोजना अन्तिम चरणमा रहेको छ भने वडा नं. ४ राम्चेमा एकिकृत बस्ती निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।

८. विभिन्न समयमा जनताको आवश्यकता तथा मागलाई मध्यनजर गरि विभिन्न चरणमा एकिकृत स्वास्थ्य शिविरहरु संचालन गरिएको छ । आयुर्वेदका नियमित कार्यक्रमहरु संचालन गरिएका छन् । अर्जुनचौपारी गाउँपालिका स्थित वडा नं. २ स्वास्थ्य चौकिमा ल्याव संचालनमा ल्याईएको छ , बर्थीङ्ग सेन्टरको मापदण्ड पुरा गरि चौविसै घण्टा सेवा प्रदान गरिएको छ । साथै गाउँपालिकाबाट चौविसै घण्टा सस्तो तथा सुलभ दरमा एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।

९. सवै विद्यालयहरुमा नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्ने क्रममा रहेको छ । शैक्षिक गुणस्तलाई सुर्धान प्रविधिको उपयोग, भौतिक पूर्वाधार विकासमा जोड दिईएको छ ।

१०. स्थानीय तहमा न्यायिक निरुपणको अभ्यासलाई संस्थागत गर्न न्यायिक समिति समक्ष आउने गुनासो तथा उजुरीलाई तदारुकताका साथ हल गरिएको छ । विशेष गरि आपसि छलफल तथा मेलमिलापको माध्यमबाट समस्या समाधान केन्द्रीत गरिएको छ । वडामा सूचिकृत मेलमिलापकर्ताबाट समस्या समाधन गर्ने अभ्यास अवलम्बन गरिएको छ ।

११. स्थानीय पूर्वाधार विकास अन्तर्गतका सम्पूर्ण योजनाहरु सम्पन्न हुने अन्तिम चरणमा रहेको छन् ।

१२. गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक पुरातात्वीक वस्तु, कला, संस्कृतिको संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्न भिडीयो तथा अडियो मार्फत प्रचार प्रसार गरिएको छ । पर्यटन समिति मार्फत पर्यटन पदमार्ग लगायतका कार्य भई रहेका छन । होमस्टेको प्रवर्द्धनमा जोड दिईएको छ ।

१३. ढुंगा, गिट्टी, वालुवा, माटो आदी प्राकृतिक एवं नदिजन्य पदार्थहरुको विक्रि तथा निकासि शुल्क दस्तुर संकलन गर्न गाउँपापलिका क्षेत्रभित्रको दरौंखोला बगरमा आय ठेक्का मार्फत स्थानीय कर संकलन भएको छ ।

१४. सवै वडाहरुबाट जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिईएको छ ।

१५. गाउँपालिकाभित्र विगत देखि संचालित क्रमागत योजनाहरुलाई आगामी आर्थिक बर्ष पनि निरन्तरता दिईनेछ ।

आर्थिक विकास :

१६. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भताका लागि उद्यमशिलताको प्रवर्द्धन गर्न मल, विउ, किटनाशक औषधीको उपलव्धता, उत्पादीत वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजिकरण गर्न र संचाई सुविधा प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१७. किसानको लागत मूल्य प्राप्तीको सुनिश्चितताको लागि प्रोत्साहीत गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।

१८. यस गा.पा.भित्र रहेका बाझो जग्गाहरुको एकिकृत तथ्याङ्क संकलन गरी सो कार्यको पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजिकरण गरिनेछ । यस्तो कार्य लाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गरिनेछ

१९. यस गा.पा.भित्र कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रर्वद्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरि उत्पादित बस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गरिनेछ ।

२६. विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाई यस गा.पा. भित्र उपलव्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाताहरु सँग समन्वय गरि रोजगार प्रवद्र्धन गर्ने व्यवस्था मिलाईनेछ ।

२०. कृषकहरुबाट उत्पादीत कृषिजन्य उपजको बजार व्यवस्थापनका लागि गाउँपालिका, सहकारी र निजीक्षेत्रको साझेदारीमा गाउँपालिकाको केन्द्रमा कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ ।

२१. स्वास्थ्य आहार स्वस्थ वानी जैविक कृषिमा लगानी भन्ने मूल नाराका साथ विषादीको प्रयोगलाई निरुत्साहित गरि अर्गानिक खेतिको विस्तारमा जोड दिइनेछ । होमस्टेमा पूर्णतः अर्गानिक खाना उपलव्ध हुने वातावरण तयार गरि आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

२२. दुग्धजन्य पदार्थ र मासुजन्य पदार्थमा आत्मनिर्भर हुन तथा जैविक कृषिलाई प्रोत्साहन गर्नका लागि बाच्छा, बाच्छी, पाडा पाडी हुर्काउने कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

२३. संकटको अवस्थामा गरिव तथा मजदुर वर्गहरुलाई सहज रुपले खाद्यान्न उपलब्ध गराउन आवश्यकता हेरी खाध्य बैंक स्थापना गर्न खाध्य शुरक्षा कोषको स्थापना गरिनेछ ।

२४. खोलाहरुबाट खेतियोग्य जमिनको संरक्षण गरि खेतियोग्य जमिनमा बाहै महिना सिंचाईको व्यवस्थाको लागि सिंचाई योजनको स्तरोन्नती, मर्मत संभार, नयाँ योजनाको विकास र प्रभावकारी व्यवस्थापना जोड दिइनेछ ।

२५. पशु रोग नियन्त्रणका लागि बृहत खोप कार्यक्रम संचालन गरि पशुको पूर्ण खोपयुक्त पालिका घोषणा गर्न आवश्यक तयारी गर्दै लगिनेछ ।

२६. एक सहकारी एक उत्पादन कार्यक्रमलाई जोड दिइनेछ । सहकारीमा आवद्ध गरिब, विपन्न, सिमान्तकृत तथा अपाङ्गता भएका व्यक्ति र महिला सहकारी संस्थालाई लक्षीत गरि विशेष कार्यक्रम संचालन गरिनेछ । सहकारी संस्थाको नियमित अनुगमन र नियमन गरि संस्थागत शुसासन कायम गरिनेछ ।

२७. गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र लघु, घरेलु तथा साना उधोग क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । परम्परागत सीप, प्रविधि र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रर्वद्धन गरिनेछ ।

२८. युवा, दलित, महिला, श्रमिक, साना किसान, असहाय तथा अपाङ्ता भएका व्यक्ति, गरिब तथा विपन्न सिमान्तकृत, अल्पसंख्यक र पिछडिएको वर्ग तथा क्षेत्रको उद्यमशिलता विकासका लागि व्यवसायिक, सीपमूलक र रोजगारमूलक तालिम कार्यक्रम संचालन गरिनेछ ।

२९. कालोबजारी, एकाधिकार, सिन्डीकेट तथा कार्टेलिङ् अन्त्य गर्न गुणस्तरिय र नियमित आपूर्ति गर्न अन्य कार्यालय सँगको समन्वयमा बजार अनुगमनलाई थप प्रभावकारी गराईनेछ ।

३०. उपभोक्ता हक हित प्रर्वद्धन गर्न उपभोक्ता सचेतना कार्यक्रम संचालन गरिनेछ ।

३१. यूवालाई असल र जिम्मेबार नागरिक बनाउन नैतिक शिक्षा, लागूपदार्थ दुर्व्यसन निराकरण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

३२. उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरण प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ ।

३३. पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतवारीका डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रै महिना पुग्ने गरि डाले तथा भुईघाँस लगाउने अभियान सुचारु गरिनेछ । साथै बाख्रापालनको पकेट क्षेत्र बनाउन सरोकारवाला निकायहरु सँग समन्वय गरी अगाडी बढाईनेछ ।

३४. कुखुरापालन, माछापालन, भैसीपालन, बाख्रापालन,बंगुरपालनतर्फ कृषकको क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गरिनेछ ।

३५. स्थानीय जातका पशुपन्क्षिको संरक्षण तथा सम्वद्र्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

कोभिड १९ बाट सिर्जीत संकट व्यवस्थापन सम्वन्धमा ः

३६. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलव्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरि कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा जोड दिईनेछ ।

३७. संक्रमणको जोखिम कायम रहदाँसम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपाङ्ता भएका व्यक्तिहरुलाई राहतको कार्यक्रम संचालन गरिनेछ ।

३८. कोभिड १९ मा गा.पा. भित्र खटिने स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाइजर, पिपिई) हरुको अभाव नहुने गरि बजेट व्यवस्था गरिनेछ ।

३९. कोभिड संक्रमणको संभावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोकेबमोजिम क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउन आवश्यक बजेट व्यवस्थापन गरिनेछ । यसका लागि आवश्यकता अनुसार छिमेकी पालिकाहरुसँग समेत समन्वय र सहकार्य गरिनेछ ।

४०. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४१. एम्बुलेन्स सेवालाई २४ सै घण्टा संचालन हुने गरी तयारी अवस्थामा राख्न आवश्यक बजेट व्यवस्था मिलाईनेछ ।

४२. कोभड १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलव्ध गराउने कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

सामाजिक क्षेत्र ः

४३. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य सेवा, पोषण जस्ता जनस्वास्थ्य सँग सम्वन्धीत आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन र उपचारात्मक सेवाका लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ साथै आरुचौर स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला स्थापना गरिनेछ ।

४४. विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पीक विधिहरुको प्रयोग गरि पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

४५. सामाजिक दुरी कायम गरी विद्यालय संचालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्वन्धी मापदण्ड पालना गरी पठन पाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

४६. यस गाउँपालिका भित्र मा.वि. र आधारभुत विद्यालय गरी जम्मा ३१ वटा विद्यालय रहेकोमा कतिपय विद्यालयमा विद्यार्थि शिक्षकको अनुपात घटी वढी भएको अवस्था विद्यमान छ । सो अवस्थामा विद्यार्थी र शिक्षकको अनुपात मिलाइ शिक्षक दरबन्दी मिलानमा जोड दिइनेछ । साथै विद्यार्थी कमी भएका आधारभूत विद्यालयलाई सम्वन्धीत पक्षसँग समन्वय गरी मर्ज गर्न अवश्यक देखिएमा मर्च गर्न पहल गरिनेछ ।

४७. यस गाउँपालिकामा स्नातक स्तरको क्याम्पसको उचित व्यवस्थापन गरी प्राबिधिक बिषयको क्याम्पस सञ्चालनको लागी प्राथमिकता दिईनेछ ।

४८.	अघल्लो बर्षबाट सवै विद्यालयहरुमा अंग्रेजी माध्यमबाट भएको पढाई सञ्चालनलाई आगामी बर्षमा समेत निरन्तरता दिईनेछ ।

४९.	शिक्षकहरुलाई समय सापेक्ष र नविनतम सिकाईका विधिहरु बारे जानकारी गराउन विषयगत तालिम र प्रशिक्षणको व्यवस्था गरी शिक्षकहरुलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गरिनेछ ।

वातावरण तथा विपद् व्यवस्थापन :

५०.	कोभिड १९ बाहेकका विपदहरुको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुर्नःलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट व्यवस्था गरिनेछ ।

५१.	पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गर्दा विपद् जोखिम सम्वेदनशिलतालाई केन्द्र विन्दुमा राखि कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा स्टमेट गर्ने व्यवस्था मिलाईनेछ । स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्व सुचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ । विपद् व्यवस्थापनका लागि वडा-वडामा विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।विपद् जोखिम न्यूनिकरण गर्ने ऐन पारित गरिनेछ र विपद् व्यवस्थापन कोष निर्माण गरी कार्यविधि अनुसार संचालन गरिनेछ ।

**खानेपानी तथा सरसफाइ**

५२.	खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिबार्य मर्मत संभार कोष स्थापना गरिने छ । बाक्लो बस्ती र बजार क्षेत्र भित्र प्रयाप्त पानि पुर्याउनका लागि अनिवार्य पानि महशुल लिने कार्यको शुरुवात गरिनेछ ।

५३.	स्वच्छ पिउने पानी लाई उच्च प्रथामिकता राखी भएका स्रोतहरुको अधिकतम प्रयोग र समानुपातिक बितरणमा जोड दिई श्रोतको अनुपातमा धाराको अवधारणा लागु गरिनेछ । यसरी प्राकृतिक मुलहरुबाट समेत खानेपानी समस्याको समाधान हुन नसक्ने बस्तिहरुका लागि लिफ्टिङ्गका माध्यम बाट खानेपानीको व्यवस्था गर्ने अवधारणा लागू गरिनेछ ।

५४.	अर्जुनचौपारी गाउँपालिका भित्रको फोहरमैला व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन गाउँ बस्तीबाट टाढा रहेको क्षेत्रमा व्यवस्थित ल्याण्डफिल साइट निर्माणलाई पूर्णता दिईनेछ ।

५५.	गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुमा सार्वजनिक शौचालय र खानेपानीको सुविधा पुर्याउन पहल गरिनेछ ।

५६.	सबै वडाहरुलाइ यसै बर्ष देखि क्रमसःपुर्ण सरसफाईयुक्त वडाहरु घोषणाका लागि प्रारुप तयार गर्दै वातारण मैत्री वडा, पुर्ण सरसफाइ युक्त वडा, सफा बस्ती, कार्यक्रमहरु अवलम्वन गर्दै सफाघर प्रमाण पत्र प्रदान गरि स्वच्छता प्रबर्दनमा जोड दिइने छ ।

५७.	“वातावरण मैत्री गाउपालिका निर्माणमा जोड दिदै प्लाष्टिक निषेध अभियान र खादा निषेध अभियानलाई निरन्तरता दिईनेछ ।

५८.	एक घर एक चर्पि कार्यक्रम अनुरुप हरेक घरमा सफा चर्पी निर्माण मा जोड दिइ पानी जन्य सरुवा रोग नियन्त्रणका लागि आवश्यक चेतनाका कार्यक्रम अगाडी बढाइने छ ।

५९. "फोहर बाट मोहर" भन्ने नारालाई मध्यनजर गर्दै घरवाटै फोहरलाई तिन तहमा विभाजन गरी प्लाष्टिक जन्य वस्तुहरु तथा कवाडी सामानको विक्री गर्ने, कुहिने फोहरबाट कम्पोष्ट मलको लागि प्रयोग गरिने र पुन प्रयोगमा नआउने बस्तुहरु मात्र डम्पिङ साईडमा पठाइने व्यवस्था अविलम्ब गरिने छ । यसको प्रभावकारी कार्यान्वयनको लागि साझेदार संघ सस्थाहरुको पहिचान गरि सहकार्यमा सम्बन्धि उद्योगको विकासमा टेवा पुर्याउने ।

सुशासन तथा संस्थागत विकास सम्वन्धी :

६०. कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा ईकाईको सेवा प्रवाहलाई सम्भव भए सम्म सूचना प्रविधिमैत्री बनाउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।

६१. सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनीक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यहरुलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटैती गर्ने नीति अवलम्वन गरिनेछ ।

६२. कोभिड १९ का कारण उत्पन्न असहज परिस्थितीको सामना गर्न तत्कालिन आवश्यकता पहिचान तथा प्राथमिकतामा परेका कृयाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र, स्थानीय तहका कार्यरत गै.स.स., सहकारी संस्था तथा स्थानीय सामुदयिक संस्थाहरुलाई परिपुरक भुमिकामा परिचालन गर्ने नीति लिईनेछ ।

६३. जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायि हुनुपर्ने भएकाले हेलो अर्जुनचौपारी सरकार कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

६४. गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट **Networking** गर्दै **E Governance** सेवा सबै वडाहरु, स्वास्थ्य चौकी, माध्यामिक विद्यालयहरुको इन्टरनेट सेवा र ई–हाजीरिलाई थप प्रभावकारी गराईनेछ ।

६५. गाउँपालिका भित्र भ्रष्टाचारमा शुन्य सहनशीलता नीति लिईनेछ । उच्च कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

६६. सार्बजनिक सेवा प्रवाहमा मितव्ययी, प्रभावकारी ढंङ्गले कार्य सम्पादन गर्न कर्मचारीहरुको क्षमता अभिवृद्धि र सशक्तिकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

६७. सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दै आन्तरीक खर्चलाई चुस्त बनाईनेछ र कार्यालयवाट हुने सवै भुक्तानी बैक मार्फत हुने व्यवस्था मिलाइनेछ । त्यसै गरी गाउँपालिका अध्यक्षले वडाध्यक्ष सँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख सँग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सम्वन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ ।

**गाउँसभा सदस्य**

**सडक**

६८. यातायात पुर्वाधार गुरु योजना अनुसार बर्गीकृत भएका जिल्लाका मुख्य सडकको रुपमा मान्यता प्राप्त हेलु अर्जुनचौपारी सडकको कालोपत्र गर्नका लागि संघ सरकार र प्रदेश सरकार सँग समन्वय गरेर कार्यान्वयन भईरहेछ । गाउँपालिकाको सवै वडा केन्द्रहरुलाइ गाउँपालिका केन्द्र संग आवद्ध हुने गरि सडक निर्माणको कार्यलाइ प्राथमिकता दिईएकोछ जस्मा अर्जुनचौपारी गाउँपालिकाको सदरमुकाम देखि वडा नं. २,३,४,५ र ६ को ग्रामीण सडक बाह्रै महिना चल्न सक्ने गरी अल वेदर बनाउन प्रदेश तथा संघीय सरकार सँग समन्वय गरीनेछ ।

६९. अतिक्रमणमा परेका सडक सिमाहरु तत्काल हटाउन Right of Way कायम गरि निर्मित घर टहरा हटाउने कारबाही अगाडी बढाइनेछ, सडक छेउछाउ ढुङ्गा निकाल्ने माटो खन्ने तथा रुख बोट बिरुवा कटानी गर्ने कार्य बन्द गरिने छ । मुख्य सडकहरुको भागमा परेका जमिनलाई लगतकट्टा गरी बाटो कायम गर्न आवश्यक पहल गरिनेछ ।

७०. सडक देखासिखी होइन आवश्यकता हो सडकले समस्या उठान होइन समस्या समाधान गर्दछ भन्ने मान्यता अनुरुप अनावश्यक र कम प्रभावकारी बढी भु-क्षय हुने खालका सडक खन्न निरुत्साहित गरिने विगतको नीतिलाई निरन्तरता दिईनेछ ।

७१. सडक दुर्घटनामा कमी ल्याउन र सवारी साधनमा नियमितता ल्याउन अर्जुन चौपारी बृहद् चक्रपथ र वडा सडकमा ट्राफिक सकेतहरु आवश्यक स्थानहरुमा राख्ने र क्षमता भन्दा बढी यात्रु राखी सवारी चलाउने तथा मादक पदार्थको प्रयोग बाट हुने दुर्घटनामा कमि ल्याउन सुरक्षा संयन्त्रको समनवयमा आबस्यक कारबाही गर्ने निती अवलम्बन गरिने छ ।

७२. अर्जुनचौपारी गाउँपालिकाको सदरमुकाम देखि सवै वडालाई छुने गरी अर्जुनचौपारी चक्रपथ निर्माण अन्तर्गत लामडाँडा–टाउँघडेरी जोड्ने सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ अर्जुनचौपारी–राम्चे–तालपोखरी सडक, अर्जुनचौपारी–तमाखुबारी, अर्जुनचौपारी–नुवारभञ्ज्याङ सडकलाई पनि प्राथमिकता साथ पहल गरिनेछ ।

**सार्वजनिक निर्माण**

७३. गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको लागि संघ र प्रदेश सरकार सँग साझेदारी गरी आगामी आ.व.मा भवन निर्माणको काम शुरुवात गरिनेछ । त्यस्तै गरी गाउँपालिकाको वडा कार्यालय भवनहरु पनि क्रमश मापदण्ड बमोजिम निर्माण सम्पन्न गरिने छ ।

७४. गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानूनी दायरामा ल्याइ त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ । गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाईनेछ ।

**आवास तथा पुर्ननिर्माण एकिकृत वस्ति विकास**

७५. गाउँपालिकामा भुमिहिन घरबार बिहिनहरुका लागि ब्यबस्थित बसोबासको ब्यबस्था मिलाउन जनता आवास कार्यक्रम, ब्यबस्थीत बसोबास कार्यक्रमहरु संघ र प्रदेश सरकार सँगको समन्वयमा बसोबासका कार्यक्रमहरु अगाडी बढाइने छ ।

७६. भूकम्प पिडितहरुको लागि मापदण्ड बमोजिम निर्माणाधिन घरहरुको समयमा किस्ता माग गरी भुक्तानी दिने, प्राविधिक आउनु भन्दा अगाडी निर्माण गरिएका घरहरुको बारेमा प्राधिकरण सँग समन्वय गरी रकम उपलव्ध गराउन पहल गरिनेछ ।

७७. मजुवा फाँट मजुवा बगर एकिकृत बस्ती विकास कार्यक्रमलाई कार्यान्वयन गर्न संघ र प्रदेश सरकार सँग समन्वय गरि अगाडी बढाईनेछ ।

**उर्जा**

७८. यस गाँउपालिकालाई उज्यालो गाऊँपालिका वनाउनका लागी बिद्युत सेवा थप प्रभावकारी बनाउन प्राथमिकताका साथ अगाडी बढाइ विजुली वत्ति विस्तार गरिनेछ । गाउँपालिका भित्रका बिजुलीको काठका पोललाई विस्थापीत गरी स्टिलको पोल राखिनेछ ।

७९. गाउँपालिकाका अधिकांश वस्तीहरुमा थ्रिफेज लाईन बिस्तार गरी बिद्यूत सेवाका माध्यमवाट स्थानिय उद्यमको समेत प्रर्वद्धन गरिनेछ ।

**उद्योग**

८०. केन्द्रबाट हस्तान्तरण हुने रकमबाट मात्र यस पालिकाको सम्पूर्ण विकास निर्माणका कार्य सम्पन्न गर्न असम्भव भएकोले संविधानको अनुसूचि ८ को अधिनमा रहि स्थानीय तहमा संचालित ठूला तथा साना उद्योग तथा व्यवसायलाई कानूनी दायरामा ल्याउन न्यून करको माध्यमबाट करको दायरा फराकिलो वनाई आन्तरिक आय संकलन गरिने छ ।

८१. प्रदेश सरकार तथा संघीय सरकारसँग साझेदारी गरी छयालिस बगर फाँटको सरकारी जग्गामा प्रचलित कानून बमोजिम औधोगिकग्राम स्थापना कार्यलाई तीव्रता दिईनेछ ।

८२. उद्योग वाणिज्य तथा व्यवसाय प्रशासन सँग सरोकार हुने पक्षहरुको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गरी साना तथा मझौला उद्योगहरुको विकास तथा विस्तार गरिनेछ ।

**पर्यटन**

८३. प्राकृतिक रुपले रमणीय स्थानमा रहेको अर्जुनचौपारी गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको रुपमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणको नीति लिईनेछ ।

८४. अर्जुनचौपारी जिरोकिलो हुँदै लामडाँडा, तामुलेख, एकानन्द गुफा, बयाले, डहरेदेउराली, थाप्लेलेक सम्म पदमार्ग निर्माण गर्न संघ तथा प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

८५. प्रसिद्ध डहरे देउराली, थाप्ले लेक, तामुलेक, एकानन्द गुफा शिला लगायतका क्षेत्रहरुलाई पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटकमैत्री संरचना निर्माण गरिनेछ । त्यस्तै रापाकोट कालिका मन्दिर, गुप्तेश्वर गुफा मन्दिर, पञ्चकन्या मन्दिर, जलबराह मन्दिरलाई प्रमुख धार्मिक क्षेत्रको रुपमा विकास गरिदै लगीनेछ ।

८६. प्रकृति, संस्कृति साहसीक पर्यटन समेट्ने गरी पर्यटकीय क्षेत्रको एकिकृत विकास गर्न गुरु योजना बनाई लागू गरिनेछ ।

८७. गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास, विस्तार र बजारीकरण गर्न पर्यटन सँग सरोकार राख्ने निकायहरु सँग समन्वय र साझेदारी गरिनेछ । आगामी बर्ष गाउँपालिका भित्रका सम्भावित वडाहरुमा होमस्टेको संख्या बढाउन पहल गरिनेछ ।

**गाउँसभा सदस्य,**

**समावेशीकरण**

८८. एकल महिलाहरुका लागि एकल महिला संग अर्जुनचौपारी सरकार कार्यक्रम अन्तरगत उनीहरुको आय आर्जनका लागि बिषेश कार्यक्रम अवलम्वन गरिने छ ।

८९. महिलाहरुको नेतृत्व र निर्णायक भुमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ ।

९०. महिलालाई सिप र रोजगारी मा समान अवसर उपलब्ध गराई समान कामको समान ज्यालाको सुनिश्चतता गरिनेछ ।

९१. महिला, दलित, आदीबासी जनजाती, लोपोन्मुख तथा सिमान्तकृत वर्गको क्षमता अभिवृद्धि र सशक्तिकरणका कार्यक्रमहरु लागू गरिनेछ । परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागू गरिने छ । जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न पालिकाबाट विशेष व्यवस्था गरिने छ। हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको शिक्षाको ग्यारेन्टी गरिने छ ।

**बालवालिका युवा तथा खेलकुद**

९२. हरेक वडामा एक–एक वटा बहुउदेश्यीय खेलमैदानको निर्माण गर्न पहल गर्ने, वालवालिका तथा युवाहरुलाई विभिन्न विधाको खेलकूदमा आकर्षण गर्ने नीति लईएको छ । संघ तथा प्रदेश सरकारसँग साझेदारी गरेर सदरमुकाममा आधुनिक कर्भडहल सहितको खेलमैदान निर्माण गर्न पहल गरिनेछ ।

९३. आगामी बर्ष पनि परिमार्जन सहित खेलकूदका प्रतियोगिताको विधाहरु थपेर खेलकूद विकास कोषबाट आवश्यकता अनुसारका खेल खेलाईनेछ ।

९४. "सकारात्मक सोच र उर्जाशिल युवा हाम्रो चाहना कुलत रहित स्वस्थ युवा अर्जुनचौपारीको गहना" भन्ने नाराका साथ कुलतमा परेका युवाहरुका लागि बिशेष कार्यक्रम संचालन गरी युवाहरुलाई सीपमूलक तालिम सञ्चालन गरी सीप अनुसारको रोजगारीको व्यवस्था गर्न पहल गरिनेछ ।

९५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको रोजगार सेवा केन्द्रमा अभिलेख राखी आवश्यकता अनुसार गाउँपालिकाका योजना, निर्माण व्यवसायिहरु सँगका योजनामा रोजगार प्रदान गर्न पहल गरिनेछ ।

९६. बालबालीका शान्ती क्षेत्र लाइ मुर्त रुप दिन सबै बिद्यालयहरुमा आचार संहिता निर्माण गरि राजनैतिक कार्यक्रमहरुमा पूर्ण प्रतिबन्ध लगाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

९७. बाल यौन शोषण, बाल हिंसा र बालश्रम निवारण तथा दृष्टी विहिन तथा अपाङ्गता भएका वालवालिकाको लागि विशेष कार्यक्रम लागू गरिने छ ।

९८. सहिद वेपत्ताका छोरा छोरीहरु वावु आमा गुमाएका टुहुरा वालवालिकाहरुलाई संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने नीति सँगै उनीहरुको पालन पोषणको उचित प्रवन्ध मिलाउन आवश्यक पहल गरिनेछ ।

९९. विद्यालय तथा वडा स्तरमा वाल क्लवहरु गठन गरि पालिकास्तरीय वाल संजाल निर्माण गर्ने नीति रहेकोछ ।

१००. अर्जुनचौपारी गाउँपालिकालाइ वालविबाह मुक्त गाउँपालिका बनाउन विशेष पहल गरिनेछ ।

**सार्बजनिक निजी साझेदारी कार्यक्रम**

१०१. सरकारी तथा निजी क्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक–निजी साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ ।

१०२. साना पूर्वाधार निर्माणका लागि प्रोत्साहान गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रवाट समेत लगानी गरेकोमा समपुरक कोषबाट केहि रकम गाउँपालिकाले व्यहोर्ने गरी साझेदारी कार्यक्रम अगाडी वढाईने छ ।

**वन वातावरण जैविक विविधता**

१०३. छाडा चरिचरन रोकौँ पुण्यकर्मका लागि रुख रोपौँ भन्ने मन्त्रका साथ छाडा चरिचरन रोक्न अभियान सञ्चालन गरि आउने नयाँ पुस्तालाई सुख एक व्यक्ति एक रुख जीवनमा शुख भन्ने नारालाई सार्थक पार्न वृक्षरोपण अभियान सञ्चालन गर्न उत्साहित गरिनेछ ।

१०४. गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै कच्ची तथा धुले सडकहरु का किनारामा वृक्षारोपण गरि हरित सडक निर्माणको नीति अपनाईनेछ ।

१०५. उर्जाको मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरतालाई कम गर्न वायोग्यास सौर्य उर्जा जस्ता प्रविधिहरुमा लगानी विस्तार गर्न सम्वन्धीत पक्षसँग समन्वय तथा सहकार्य गरिनेछ ।

१०६. प्राविधिक जनशक्तिको परिक्षण विना खनिने सडकहरु र तिनवाट सृजना हुने प्राकृतिक विपत्ति मा न्युनीकरण गर्न अन्धाधुन्ध सडक खन्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।

१०७. वन क्षेत्रको सदुपयोग गरी समुदायको दिगो आम्दानीको श्रोतको विकास गर्न आफ्नै निजी खाली रहेका जग्गाहरुमा उपयुक्त भौगोलिक वातावरण अनुकुल हुने गरी रिठा, अमला, अलैची, अम्रीसो, बास, निगालो लगायत अन्य जडीबुटी, गैरकाष्ठ वन पैदावारहरुको खेती विस्तार गरिनेछ । यसका लागि यसै वर्ष सम्भाव्यता अध्ययनका लागि पहल गरिनेछ ।

**सूचना प्रविधि**

१०८. सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसंग सहकार्य गरिनेछ ।

१०९. सञ्चारक्षेत्रमा क्रियाशील सार्वजनिक संघ–संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ । जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्न जोड दिईनेछ ।

११०. सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिका र अन्तगतका वडा कार्यालयहरुमा टेलिफोन व्यवस्था गरिनेछ । साथै खर्चलाई व्यवस्थित गर्न लेखा सम्वन्धी सफ्टवयरको प्रयोग गरी केन्दीय लेखा प्रणालिमा आवद्ध गरिने छ । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनलाई व्यवस्थित गर्न Online योजना सफ्टवयर आगामी बर्ष देखि प्रयोगमा ल्याईनेछ ।

१११. सामुदायिक विद्यालयहरुमा टेलिफोन, ईन्टरनेटको क्रमिक रुपमा विस्तार गरिनेछ ।

**राजश्व प्रशासन**

११२. गाउँपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ । हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर भन्ने नारालाई साकार पार्न राजश्वको आन्तरीक श्रोतको दायरालाई फराकिलो बनाईनेछ । एकल कर प्रशासनको माध्यबाट व्यवसाय कर, सम्पति कर र बहाल विटौरी करलाई करको दायरामा ल्याईनेछ । टोलटोलमा करमैत्री प्रशासनको अभियान सञ्चालन गरिनेछ ।

**न्यायिक समिति**

११३. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । हरेक वडामा मेलमिलाप मार्फत विवाद समाधान गर्न मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

११४. अन्त्यमा, यी नीति तथा कार्यक्रमको कार्यान्वनयबाट "समृद्ध अर्जुनचौपारी, सुखी अर्जुनचौपारीवासी" को गन्तव्यमा पुगी समृद्ध नेपाल,सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

११६. प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सवैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सवैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु । साथै महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमणको अवस्थामा विभिन्न तवरबाट सहयोग पुर्याउनु हुने महानुभाव, राजनैतिक दल, संघसंस्था, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारीहरु, जनप्रतिनिधीहरु एवं नागरिक समाजप्रति पुनःधन्यवाद प्रकट गर्दै आगामी दिनहरुमा यस गाउँपालिकामा कोभिड १९ बाट बच्नका लागि अनुशासनको पालना गरी सवै सर्तक र सर्तकता अपनाउन पुनः ध्यानाकषर्ण गर्न चाहन्छु । गरिमामय यस गाउँसभाबाट रचनात्मक सुझाबको अपेक्षा सहित बिदा हुन्छु ।

धन्यवाद
जय अर्जुनचौपारी गाउँपालिका
दिर्घनारायण अर्याल
गाउँपालिका अध्यक्ष

# गाउँ सभाको उपाध्यक्ष चिनमाया गुरुङद्धारा सातौं गाउँ सभामा प्रस्तुत भएको बजेट मन्तव्य :

अर्जुनचौपारी गाउँपालिकाको सातौं ऐतिहासिक गाउँसभामा अध्यक्षता ग्रहण गरि रहनु भएका अध्यक्ष एवं अर्जुनचौपारी गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, ६ वटै वडाका अध्यक्षज्यहरु, कार्यपालिका सदस्यज्यूहरु, सम्पूर्ण गाउँपालिका सदस्यज्यूहरु, विभिन्न समितिका पदाधिकारीज्यूहरु, राष्ट्रसेवक कर्मचारी एवं गाउँ सभामा उपस्थित सम्पूर्ण व्यक्तित्वज्यूहरु ,

सुन्दर शान्त हराभरा अनि विविध सांस्कृतिक, धार्मिक तथा पौराणिक सम्पदाले भरीपूर्ण कल्कलाई रहेको दरौंखोलाको काखमा विराजमान अर्जुनचौपारी गाउँपालिकाको सातौं गाउँ सभाको ऐतिहासिक घडीमा उपस्थित सम्पूर्ण व्यक्तित्वहरु प्रति मेरो व्यक्तिगत तर्फबाट र सिङ्गो गाउँपालिकाको तर्फबाट शव्दरुपी पुष्प गुच्छाद्धारा हार्दिक स्वागत टक्राउँदछु ।

लोकतान्त्रीक गणतन्त्र स्थापना एवं राजनीतिक परिर्वतनका निम्ती जिवन आहुति गर्ने ज्ञात अज्ञात शहिदहरु निरङ्कुश शासनको विरुद्धमा जीवन आहुती गर्ने नेतागणहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । मुलुकलाई परिर्वतन गरी यो अवस्था सम्म ल्याउने आदरणीय नेतागणहरु प्रति उच्च सम्मान गर्दछु । गाउँपालिका निर्माणका निम्ती अहोरात्र खट्नु हुन सम्पूर्ण महानुभावहरु प्रति आभार प्रकट गर्दछु । यस गाउँपालिकालाई प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुर्याउनु हुने संघ संस्था एवं व्यक्तित्वहरुलाई धन्यवाद दिन चाहन्छु ।

नेपाली जनताको लामो समय देखिको संघर्ष र चाहाना अनुरुप नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन स्थापना भए सँगै आज हामी विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको माहामारी सँगै आर्थिक र मानविय महामारीको विघ्न परिस्थितीको बीचमा सातौं गाउँसभामा उपस्थित भएको कुरा सम्पूर्णमा महानुभावहरुलाई अवगत नै छ । आर्थिक र मानविय महामारीको चुनौतीमा हामी उभिरहँदा जनताका ईच्छा र चाहाना अनुरुप अगाडी बढ्न हामीलाई यो समयमा पक्का पनि कठिन भईरहेकोछ तर पनि हामी जोश जाँगर सहित संघीय सरकार तथा प्रदेश सरकारको मार्गदर्शन र यहाका जनताको ईच्छा र चाहना अगाडी बढिरहका छौ । अर्जुनचौपारी गाउँपालिकाको सातौं गाउँ सभामा आ.व. २०७७/०७८ को आय व्यय विवरण यहाँहरु सामु पेश गर्न पाउँदा आफुलाई निकै गौरवान्वित महशुस गरेको छु ।

संघीय तथा गण्डकी प्रदेश सरकारको **‘सम्मृद्ध नेपाल सुखी नेपालीको’** मुल नारालाई आत्मासाथ गर्दै आज हामी यस गाउँपालिकाको हरेक कुना कन्दरा बर्ग तहमा छरिएर रहनुभएका हाम्रा गाउँपालिकाका ढुकढुकी आदरणीय आमा बुवा, दाजुभाई तथा दिदि बहिनीहरुको मुहारमा सदा सर्वदा हामी सुखी र खुशी हुने गरी दिगो विकास र आर्थिक वृद्धि हासिल गर्ने उद्धेश्यय र लक्ष्य आ.व. ०७७/०७८ को बजेट पेश गर्न गईरहेको सन्दर्भ राखी यो कार्यक्रम पेश गरेको अवगत गराउन चाहन्छु ।

केन्द्रीकृत शासन व्यवस्थाको अन्त्य गर्दै विकेन्द्रीत राज्य प्रणालीमा पाइला सार्न अगाडी बढेका हाम्रा यी सृजनशिल हातहरु नेपालको संविधान, २०७२ कार्यान्वयन सँगसगै नेपालको इतिहासमा पहिलो पटक गठन भएको स्थानीय तह, तीन तहका सरकारले शासन संचालन गर्ने व्यवस्था अनुरुप आजको यो सातौं गाउँसभा सम्म आई पुगेका छौ । छोटो समयमा जनताका इच्छा र चाहानहरु सम्पूर्ण रुपमा परिपूर्ति गर्न नसक्नु यथार्थ पनि हो, समय, इच्छा अनि चाहानाहरुलाई समझदारिमा लैजाने प्रयास गरिरहेका छौ । समन्वय पछि यथार्थमा पनि देखिनेछ केहि हदै सम्म हामी सफल पनि भएका छौ ।

हामीलाई थाहा छ देशले अव एउटा निश्चित गन्तव्य लिन खोजी रहेकोले विकास निर्माणमा अग्रगामी छलाङ मार्ने प्रयास गरी रहेको बखत हामी गाउँपालिका बासीहरुले पनि सोही अनुसार तिव्र परिर्वतन र समाज रुपान्तरण सहितको सम्वृद्ध

गाउँपालिकाको परिकल्पना गरीरहेको यस घडीमा विश्वव्यापी कोरोना भाईरसको कारणबाट हामी कठिन समयको बावजुत पनि यसलाई पूर्ण रुपमा आत्मसाथ गर्दै यहाँहरुकै भावनाको कदर गर्दै अगाडी बढिरएको प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । देशको परिस्थिती अनुसार सिमित साधन श्रोत र निश्चित परिधी भित्र रही यस गाउँपालिकाको सम्पूर्ण कार्यक्रम लगायत विकास निर्माणको गतिविधीहरु सञ्चालन गर्नुपर्ने बाध्यता हामी बीच रहेको हुँदा यस बर्ष नै यहाँहरुको सम्पूर्ण आशा र चाहनाहरु पूर्ण रुपमा परिपूर्ति गर्न नपाउदा कता कता खिन्नताको आभाष पनि भएको छ । तर मलाई आशा र भरोसा अनि विश्वास छ कि स्थानीय तह मात्र नभई प्रदेश/केन्द्र सरकार सम्म घच्घचाएर पनि यहाँहरुको विकास निर्माण प्रतिको तिव्र चाहानाहरुलाई मूर्तरुप दिनको निम्ती अहोरात्र खटी यहाँहरुको आशा, भरोसा र विश्वास टुट्न नदिने प्रतिवद्धता पुनःव्यक्त गर्न चाहान्छु ।

**आदरणीय अध्यज्यू,**

मलाई लाग्छ यस अवधिभर गाउँपालिकाका ३८ वटै टोलहरुका विभिन्न बस्तीहरुमा छरिएर रहेका महिला, बालवालिका देखि बृद्ध सम्म दलित आदिवासी, जनजाती देखि खस आर्य जाती सम्म, अति विपन्न गरिब देखि धनी वर्ग सम्म, फरक क्षमता भएका व्यक्ती देखि सपाङ्ग व्यक्तिहरुको न्यायको शिलशिलामा कहि कतै पनि कुठाराघात हुन नदिई नभई आजको मिति सम्म निश्पक्ष र विभिन्न रुपमा दुधको दुध पानीको पानी सहित न्यायोचित रुपमा न्याय सम्पादन गरेको मलाई महशुस भएको छ । चालु बर्ष २०७६/७७ मा १८ उजुरी दर्ता भएकोमा १८ वटै उजुरी उपर छलफल गरी मिलापत्र गर्न सफल भएका छौ । त्यसै गरी न्यायिक समिति मार्फत ३७ जनालाई ५ दिने उद्घोषण तालिम प्रदान गरिएको छ । मलाई लाग्दछ राष्ट्रको आमुल परिर्वत पश्चात जनताहरुको भावना धेरै फेरिएको छ, इच्छा र चाहनाहरु बदली रहेको छ, परिर्वतन देख्न र प्रयोग गर्न आतुर हुनुहुन्छ । तर हामी सिमित श्रोत र साधनको कारणबाट जनताहरुले अपेक्षा गरेका सम्पूर्ण आशा अनी चाहानाहरुलाई एकै पटक परिपूर्ति गर्न नसकिएको प्रति अत्यन्त सम्वेदनशिल र सजक छौ ।

गाउँपालिकाले जति राजश्व वृद्धि र राजश्व संकलन गर्ने लक्ष्य लिएको थियो विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको महामारी हुँदा हुँदै पनि आ.व. ०७६/०७७ मा हामी अनुमानित राजश्व भन्दा बढी राजश्व संकलन गर्न सफल भएको तथ्य यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु । हाम्रो मूल सम्पत्ति नै हाम्रो आन्तरिक राजश्व भएको हुँदा सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरुलाई राजश्व संकलन प्रति विशेष ध्यान आकर्षण गराउन चाहन्छु ।

महिला जनप्रतिनिधिज्यूहरु,हिजो सम्म लागिरहेको थियो अर्जुनचौपारीवासी सम्पूर्ण महिलाहरु जिविकोपार्जन, आत्मनिर्भरता,राजनिति अनि शिक्षामा धेरै सक्षम र अग्रस्थानमा छौं । आज यो लकडाउनको अवधिमा महिलाहरु प्रति घटेका घटना समिक्षा गरिरहँदा कता कता आफूलाई नै दुखित महसुस भई रहेको छ । आफ्नो निम्ती सेवा प्रवाह गर्ने निकायकै जानकारीबाट अनबिज्ञ भइ बन्चित भएको देख्दा २१ औं शताब्दी साथै सूचना प्रबिधिको युगमा, हत्केलोमै संसार अटिरहेको यो आधुनिक जमानामा पनि यस्तो अवस्था देख्दा हामी महिला जनप्रतिनिधिहरु कुन धरातलमा छौं भन्ने तथ्यलाई मनन गर्नु पर्ने हो कि ? म आफूले मनन गरि आ.व. २०७७।०७८ मा महिलाहरुका निम्ति आयमूलक कार्यक्रम,महिला सशक्तिकरण कार्यक्रम र महिला जनचेतना कार्यक्रम समाबेश गरेको छु । सम्पूर्ण जनप्रतिनिधिहरुले सहयोग गर्न अपिल गर्दछु ।

यसैको सन्दर्भमा आ.व. २०७७/०७८ टेलिमेडिसिनको माध्यमबाट प्रजनन स्वास्थ्य सेवा बढाउने कार्यक्रम रहेकोछ । गण्डकी प्रदेशको म्याग्दी जिल्लाको धौलागिरी गाउँपालिका र हाम्रो अर्जुनचौपारी गाउँपालिकाको नयाँ निर्देशनमा आधारित यो कार्यक्रम पास भएकोछ । कोभिड १९ शुरु भएपछि यस्ता हिंसामा परेका महिलाहरुका समस्या धेरै देखिन आएको हुँदा आईपास नेपालले प्रजन्न स्वास्थ्यको अन्तरिम गाईडलाईन अनुसार महिला स्वंयसेविका परिचालन गरी सुरक्षीत गर्भपतन सेवा समुदाय स्तरबाट संचालन गर्न सक्नेछ । आईपास नेपालले हिजोका दिनहरुमा पनि हाम्रो

गाउँपालिकालाई धेरै सहयोगी भूमिका निर्वाह गरेकोमा त्यसको निम्ती आईपास नेपाललाई मेरो व्यक्तिगत तर्फबाट र गाउँपालिकाको तर्फबाट आईपास नेपाल प्रति आभार व्यक्त गर्दछु ।

विगतका दिनहरुमा सम्पूर्ण जनप्रतिनिधीहरु र राष्ट्रसेवक कर्मचारीहरु जनताको मुहार फेर्न र समृद्ध गाउँपालिका बनाउनका लागि अहोरात्र खटिई सम्पूर्ण दिनहरुमा सर्मपित हुनु भएकोमा आभार प्रकट गर्दै आगामी दिनहरुमा पनि यस गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउनको निम्ती हरपल हरदम पाईलाहरु अगाडी बढाई रहनेछ भन्ने विश्वास लिएकोछु । गाउँ–गाउँ, ठाँउ–ठाउँ, बस्ती–बस्ती अनि दारेगौडा देखि डहरेको लेक, तामुको लेक देखि थाप्लेको लेक सम्मका जनताहरुले लोकतन्त्रको अनुभुति हुने गरी आफूलाई सार्वभौमसत्ता सम्पन्नताको अनुभुति गर्न पाउन भन्ने शुभ–कामना यसै अवसरमा व्यक्त गर्दछु ।

**गाउँसभाका आदरणीय अध्यक्षज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

राष्ट्रसेवक कर्मचारी मित्रहरु

अव म यस गरिमामय सभामा आगामी आ.व.को बजेट प्रस्तुत गर्न सभा अध्यक्षज्यूको अनुमति चाहन्छु ।

१. बजेट तर्जुमा गर्दा मैले मूलतः

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्रकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघीय र गण्डकी प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापण्डहरु
- स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यम कालिन खर्च संरचना
- स्थानीय श्रोत साधन, स्थानीय ऐन, नियम, कानून तथा कार्यविधिहरु
- विकासका अन्तरसम्वन्धित विषयहरु
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरुलाई विशेष ध्यान दिएकोछु ।

२. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँटलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै, यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु । कोभिड १९ को कारण राजश्वमा आउने संकुचनलाई मध्यनजर गरी तथा संघीय सरकारको निर्देशनलाई पालना गर्दै राजश्व वाडफाडबाट प्राप्त हुने बजेटलाई लचकदार तरिकाले व्यवस्थापन गरेकोछु ।

३. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेकोछु । साथै कार्यक्रमको छनौट,साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनालाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता,स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

४. समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण,परिपूरक कानुन तर्जुमा,भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन,आन्तरिक स्रोतको आधार विस्तार,उत्पादन र उत्पादकत्व बृद्धि,आयोजनाको प्राथमिकीकरण, असल शासन प्रवर्दन र अन्तरसरकारी समन्वय हाम्रो सरकारको प्रमुख चुनौती रहेका छन् ।

सभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

अव म आगामी आर्थिक वर्ष २०७७/७८ को वजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।बजेटका सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलव्धी निम्न अनुसार रहेका छन् ।

- **सोंच**

  समुन्नत, समातामुलक र सम्मृद्ध अर्जुनचौपारी गाउँपालिका

- लक्ष्य :

  समानता, परिस्कृत, सु–संस्कृत समाज र विकसित अर्जुनचौपारी गाउँपालिका

- **उद्धेश्य :**

  शैक्षिक रुपान्तरण, गरिबी न्यूनिकरण, उत्पादमूलक, रोजगार सृजना, समाजिक न्यायमा आधारित, न्यायोचित वितरण, सम्पन्नता र आत्मनिर्भर अर्जुनचौपारी गाउँपालिकालाई बनाउने

  अपेक्षित उपलव्धी :

  यस गाउँपालिकाको सातौं गाउँसभाको प्रमुख समस्या शैक्षिक, सामाजिक, आर्थिक विकासमा तुलनात्मक रुपमा अहिलेको भन्दा शैक्षिक संस्थाहरु सुधारिएको हुनेछ । वालवालिकाहरुको शैक्षिक क्षमतामा औसतमा ५ % ले बढेको हुनेछ । समाजमा रहेको परम्परागत कुरीति, बिकृतिको न्यूनिकरण भई सभ्य समाज उन्मुख हुनेछ । बार्षिक आर्थिक वृद्धिदरमा औसतमा ५ प्रतिशतले बृद्धि हुनेछ । कृषि क्षेत्रमा उत्पादन व्यवस्थापनमा बार्षिक औषतमा १० प्रतिशत बृद्धि हुनेछ । मानव विकासको सूचकाङ्क, लैङ्गिक शशक्तिकरण, सामाजिक भेदभाव कोभिड १९ को संक्रमण घटी जनजिवनमा सहज र पूर्वाधार विकासको बृद्धि हुनेछ ।

५. जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु, स्वास्थ्य सेवालाई गुणस्तरीय तथा जनताको पहुँचमा पुर्याउनु, न्यायको पहुँच तथा अनुभुती तुल्याउनु ।

६. लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्नु,

७. कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,

८. स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु,

९. स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

१०. आगामी आर्थिक वर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

११. ग्रामीण सडक, प्रशासकीय भवन तथा शहरी विकास मार्फत पूर्वाधार विकास,

१२. कृषि, पर्यटन, उद्योग तथा वाणिज्य,सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास ,

१३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवधर्न, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को विकास मार्फत सामाजिक विकास,

१४. वन, वातावरण तथा विपद् व्यवस्थापन

१५. सुशासन तथा संस्थागत विकास

अव म चालु आर्थिक वर्ष २०७६/७७ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

१६. चालु आर्थिक वर्षमा रु ४० लाख राजस्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको हाल सम्म करिब ४१ लाख ७० हजार २ सय १६ रुपैया राजस्व संकलन भै सकेको छ । त्यसैगरी चालु आर्थिक वर्षको

जेष्ठ मसान्त सम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदानबापत हालसम्म प्राप्त रु ३ करोड ८२ लाख रुपैया मध्ये रु ३ करोड २९ लाख ६४ हजार ९ सय ८०.०९ खर्च भएको छ भने संघीय राजस्व वाँडफाँडबाट रु ५ करोड ३८ लाख रुपैया आय प्राप्त हुनुपर्नेमा चालु आ.व.को जेष्ठ मसान्त सम्ममा रु २ करोड ९० लाख ३३ हजार ८ सय ७४.२६ रुपैया मात्र प्राप्त भै रु २ करोड ४७ लाख ६६ हजार १ सय २५ रुपैया ७४ पैसा प्राप्त हुन बाँकी छ ।सो प्राप्त हुने संभावना लकडाउनका कारण लगभग सकिएको अवस्था हो ।

१७. चालु आर्थिक वर्षको सशर्त अनुदान तर्फ रु १४ करोड ५३ लाख ८६ हजार रुपैया मध्ये चालु आ.व.को जेष्ठ मसान्त सम्म रु ८ करोड ३४ लाख ५८ हजार ९ सय ३२ रुपैया ५३ पैसा खर्च भएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता बापत रु ६ करोड ४९ लाख १३ हजार रुपैया प्राप्त भएको छ ।

१८. अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त स्थानीय पूर्वाधार विकास कार्यक्रम तर्फ रु ४५ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु १५ लाख , गरिव संग विश्वेश्वर कार्यक्रम तर्फ रु ४ लाख ९५ हजार, राष्ट्रिय परिचयपत्र तथा पंजिकरण कार्यक्रम तर्फ रु २१ लाख ७५ हजार, झोलुङगे पूल क्षेत्रगत कार्यक्रम तर्फ रु २७ लाख, कृषि तर्फ रु ५७ लाख, उद्दोग तर्फ रु २९ लाख, सौर्य उर्जा बायोग्यास तर्फ रु ७ लाख, गरिब घरपरिवार पहिचान कार्यक्रम तर्फ रु १ लाख, शिक्षा तर्फ रु ११ करोड ६ लाख, स्वास्थ्य तर्फ रु २ करोड ९२ लाख, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तर्फ रु ३ लाख, युवा तथा खेलकूद तर्फ रु १ लाख रुपैयाको सिधै अख्तियारी प्राप्त भएको छ । यस्ता कार्यक्रमको लागि प्राप्त भएको रकमको प्रतिवेदन सिधै नेपाल सरकारमा पठाउने गरी अख्तियारी प्राप्त भएकाले स्थानीय सरकारको बजेट प्रणालीमा समावेश गरिएको छैन ।

१९. आर्थिक वर्ष २०७६/७७को राजस्व र व्ययको यथार्थ विवरण ,ज्येष्ठ मसान्त सम्मको आर्थिक वर्ष २०७६/७७ को आय तथा व्यय विवरण तथा संशोधित अनुमान र आर्थिक वर्ष २०७७/७८ को अनुमानित आयव्ययको विवरण विनियोजन ऐनको अनुसूचीमा उल्लेख गरेको छु ।

**सभाध्याक्ष महोदय,**
**सभाका सदस्य ज्यूहरु,**
अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

<u>सडक पूर्वाधार</u>

२०. गाँउपालिकाको सदरमुकाम देखि वडा कार्यालय जोड्ने सडकहरुलाई बाह्रै महिना यातायात सहज ढङ्गले सुचारु गर्ने उदेश्यले त्यस्ता ग्रामीण सडकहरुको स्तरोन्नतीका लागि बजेट विनियोजन गरेको छु । जसमा गण्डकी प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रकम रु १ करोड ५० लाख र गाँउपालिकाले रु १ करोड ५० लाख थप गरी जम्मा रु ३ करोड रुपैया गाँउपालिकाको गौरवको योजना अन्तर्गत गाँउपालिका सदरमुकाम देखि वडा न ३ ४ र ५ को वडा कार्यालय जोड्ने सडक, अर्जुनचौपारी-लामडाँडा सडक, लगायतलाई बजेट विनियोजन गरेको छु ।

<u>भवन</u>

२१. गाँउपालिकाको आफ्नै प्रशासकीय भवन नभएकोले भाडाको अलगअलग भवन र कोठाबाट सेवाप्रवाह गर्नुपरेको बाध्यतालाई महसुस गरी गाँउपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु ४ करोड बजेट विनियोजन गरेको छु।

कृषि क्षेत्र

२२. नागरिकको खाद्यअधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न, ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धि गर्न, कोभिड १९ बाट प्रभावित भई रोजगारी गुमेका व्यक्तिहरुलाई स्थानीय स्तरमा रोजगारी सृजना गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण जरुरी छ । यसका लागि कृषियन्त्र उपकरण र कृषि सामाग्रीहरुको व्यवस्था गर्न ५० प्रतिशत अनुदानमा वजेटको व्यवस्था गरेको छु ।

२३. खेतीयोग्य बाँझो जमिनहरुको उपयोग गरी स्वरोजगार कार्यक्रम संचालन गर्न रु ८ लाख, कृषि औजार अनुदानको लागि रु ६ लाख, कृषि तथा पशुपन्छी क्षेत्रमा व्यावसायिक रुपमा फर्म सञ्चालन गरेका कृषकहरुलाई उत्पादनमा प्रोत्साहन गर्न रु २ लाख, प्राङ्गारिक खेती प्रवद्धन कार्यको लागि रु १ लाख, पशु औषधी वितरण गर्नको लागि रु १ लाख साथै उक्त क्षेत्रमा दिगोपना कायम गरिराख्न कृषि सहकारी तथा कृषि विकास बैङ्कसँग सहकार्य गरी कृषि ऋणमा व्याज अनुदान कार्यक्रम सञ्चालनको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।

खानेपानी

२४. आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिएको छु ।एक घर एक धारा कार्यक्रमलाई समेत अगाडि बढाउने लक्ष्य राखेको छ ।

ऊर्जा विकास

२५. प्रदेश सरकारसँगको सहकार्यमा जीर्ण अवस्थामा रहेका विजुलीको काठको पोललाई विस्थापित गरी स्टीलको पोलको व्यवस्था गरिनेछ ।सम्पूर्ण अर्जुनचौपारी गाउँपालिकालाई उज्यालो गाउँपालिका बनाउन पहल गरिनेछ ।

शहरी विकास

२६. आधुनिक सभ्यताको मानक नै सुविधायुक्त शहर भएको तथा मुलुकको विकासको स्वरुप शहरी पूर्वाधारबाटै प्रतिविम्वित हुने यथार्थलाई ध्यान दिदै शहरी विकास तर्फ पूर्वाधार सहितको व्यवस्थित शहर र बस्ती विकास कार्यक्रम सञ्चालनको लागि सङ्घ र प्रदेश सरकारलाई अनुरोध गरेर कार्यान्वयन गरिनेछ ।

पर्यटन

२७. गाउँपालिका भित्रका ऐतिहासिक,सांस्कृतिक,धार्मिक,पुरातात्विक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्दन एवं प्रचार प्रसार गर्न डकुमेन्टरी निर्माण गरी अर्जुनचौपारी गाँउबासीहरु बसाई सरी बसोबास गर्ने प्रमुख शहर बजारहरुमा डकुमेन्टरी प्रर्दशन गर्ने व्यवस्था मिलाईनेछ ।

२८. स्थानीय अर्थतन्त्रको विकास गर्न अर्जुनचौपारी गाँउपालिकाको सबै पर्यटकीय क्षेत्रहरु समेट्ने गरी बनाईएको पर्यटन गुरुयोजना कार्यान्वयन गरिनेछ ।साथै गाउँपालिका भित्र सञ्चालित होमस्टेको लागि होमस्टे प्रवर्दन कार्यक्रम सञ्चालन गरिनेछ र अन्य स्थानहरुमा पनि होमस्टे सञ्चालन गर्न उत्पेरित गरिनेछ ।

सहकारी

२९. सहकारी क्षेत्रको पूँजी परिचालनको माध्यमबाट सहकारी क्षेत्रलाई वित्तिय उत्प्रेरकका रुपमा विकास गरी स्थानीय अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु ।गाउँपालिका भित्रका सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्न सहकारी वित्तिय विश्लेषण कार्यक्रमका लागि आवश्यक पहलको व्यवस्था मिलाएको छु ।

वन, वातावरण र विपद व्यवस्थापन

३०. विकास निर्माणले सर्वसाधारण नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन र सुधार ल्याउन सक्नुपर्दछ भन्ने विश्वव्यापी मान्यतालाई अङ्गिकार गर्दै भौतिक निर्माण गर्दा वातावरणीय पक्षलाई समेत ख्याल गरिनेछ ।साथै

स्थानीय वन,वन्यजन्तु,पंक्षी,वनस्पति तथा जैविक विविधताको संरक्षण,संवर्दन र दिगो उपयोग सम्वन्धी कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

३१. विपद व्यवस्थापन हाम्रो स्थानीय सरकारको दायित्व हो भन्ने विषयलाई बोध गरी प्राकृतिक तथा गैरप्राकृतिक जन्य घटनाको जोखिमलाई न्यूनीकरण तथा कोभिड १९ को संक्रमण व्यवस्थापन तथा जनताको दैनिक जिवनलाई सहजिकरण गर्न छुट्टै विपद व्यवस्थापन कोष खडा गरी रु ५० लाख बजेट विनियोजन गरेको छु ।

**शिक्षा, युवा तथा प्रविधि**

३२. आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु।शिक्षालाई प्राविधिक र व्यवसायिक बनाउँदै सक्षम,नैतिक एवं राष्ट्रियहित प्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेट मिलाएको छु।

३३. सामुदायिक विद्यालयको शैक्षिक स्तरलाई प्रविधिमैत्री बनाई निजी विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउन विद्यालयहरुमा ईमेल ईन्टरनेट तथा विद्युतीय हाजिरी जडान गरिएकोमा थप प्रभावकारी तथा प्रविधिमैत्री बनाउन बजेटको व्यवस्था गरेको छु ।आगामी आर्थिक वर्ष समेत अन्तर-माध्यमिक विद्यालय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता रु १ लाख र वडाको क्लबस्तरीय खेलकूद प्रतियोगिता परिमार्जित सहित सञ्चालन गर्न रु ५ लाख गरी जम्मा रु ६ लाख बजेट खेलकूद विकास कार्यमा विनियोजन गरेको छु ।

३४. शिक्षाको विषयगत तालिम संचालन गर्न रु २ लाख, गाउँपालिकास्तरीय परिक्षा संचालन गर्न रु २ लाख, शिशु क.का. तालिम कार्यक्रमको लागि रु १ लाख ५० हजार, विद्यालय सुरक्षा प्याकेज अभिमुखिकरण कार्यक्रमको लागि रु ५० हजार, हाजिर जवाफ, निबन्ध, वादविबाद प्रतियोगिताको लागि रु ५० हजार, गाउँपालिका स्तरिय एकिकृत बालविकास योजना कार्यशालाको लागि रु ५० हजार, उत्कृष्ट विद्यालय विधार्थी पुरस्कारको लागि रु ५० हजार, शैक्षिक क्यालेन्डर निर्माणको लागि रु ५० हजार, शैक्षिक सूचना पुस्तिका निर्माणको लागि रु ५० हजार, विद्यालय मर्मत सुधार कोषमा रु १० लाख, विपन्न विद्यार्थी शैक्षिक सामाग्री वितरण गर्न र गाँउपालिकालाई प्रतिभामार्फत पहिचान गराउने श्रष्टालाई सम्मान गर्न रु १ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

३५. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सस्थाहरुलाई सहायता कार्यक्रमको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

**स्वास्थ्य**

३६. विकासको साध्य र साधन दुवै नागरिक नै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पुँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु । स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला स्थापना तथा व्यवस्थापन गर्न रु ५ लाख , स्थानीय जडिबुटि पहिचान कार्यक्रमको लागि रु १ लाख, कोरोना नियन्त्रण तथा रोकथामका लागि रोग प्रतिरोधात्मक औषाधी वितरण तथा क्षमता अभिवृद्धि कार्यक्रमको लागि रु ४ लाख, मेडिक मोबाइल कार्यक्रमको लागि रु ५ लाख, जेष्ठ नागरिक, स्तनपायी आमा तथा वालपोषण सुरक्षा कार्यक्रमको लागि रु ३ लाख बजेटको व्यवस्था गरेको छु ।

३७. स्वस्थ नागरिक,स्वस्थ समाज,स्वस्थ जीवन र त्यसका लागि स्वस्थ उत्पादन र स्वयम उपभोग गर्ने बानी विकास गर्न सामाजिक जागरण ल्याईनेछ । महिला प्रजनन स्वास्थ्य तथा गर्भवती महिला सुरक्षा कार्यक्रम समेतका लागि रु २ लाख बजेटको व्यवस्था गरेको छु ।

३८. महिला स्वास्थ्य स्वयंमसेविकाहरुले गाउँपालिकाको आधारभूत स्वास्थ्य, सरसफाइ तथा पोषणसम्वन्धी क्षेत्रमा गरेको उल्लेखीय कार्यको उच्च मूल्यांकन गर्दै उहाँहरुले प्राप्त गर्दै आएको प्रोत्साहन भत्ता लाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु ।

**सामाजिक संरक्षण र समावेशीकरण**

३९. आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकलाई सहायता र सरक्षण प्रदान गर्नु सबै सरकारको दायित्व हो भन्ने विषयलाई मध्यनजर गरी सामाजिक सहायता कार्यक्रमको लागि बजेटको व्यवस्था मिलाएको छु ।साथै आर्थिक सहायता सम्वन्धि कार्यविधी निर्माण गरी सहायता रकमलाई उद्देश्यमूलक बनाईनेछ ।साथै घरेलु हिंसा न्यूनिकरण तथा लैङ्गिक हिंसालाई न्यूनिकरण गरी पिडितहरुलाई समाजमा स्थापीत गर्न रु २ लाखको लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था गरेकोछु ।साथै समाजमा पछि पारिएका, दबिएका, पिल्सिएका, थिचोमिचोमा परेका महिलाहरुको शशक्तिकरणका लागि रु ३ लाख बजेट व्यवस्था गरेको छु ।

४०. महिला,अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा जनजाति वर्गहरुलाई सार्वजनिक सेवामा सबैको अपनत्व बोध गराउने हेतुले विविध कार्यक्रम खर्चमा बजेट व्यवस्था गरेको छु ।साथै परिवार नियोजनका साधनहरुको पहुँच नभएका अनिच्छुक गर्भधारण गर्न बाध्य किशोरी तथा महिलाहरुको समस्यालाई मध्यनजर गर्दै सुरक्षित गर्भ पतन सेवाको लागि रु ३ लाख बजेट विनियोजन गरेकोछु ।

४१. न्यायिक अभ्यासलाई सस्थागत गरी न्यायसम्पादन प्रकृयालाई मेलमिलाप र मध्यस्थताको माध्यमबाट न्याय निरोपण गर्ने पद्धतिको निर्माण गर्न न्यायिक समितिलाई रु ५ लाख वजेट विनियोजन गरेको छु ।

<u>संस्कृति</u>

४२. स्वस्थ र सभ्य संस्कृतिको विकास गरी समाजिक सु-सम्वन्धमा आधारित समाजको निर्माण गर्न धर्म,संस्कृति,संस्कार,प्रथा,परम्परा,प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद,शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गरिनेछ ।

४३. गाउँपालिका भित्र रहेका प्राचीनकला,साहित्य र संस्कृति विशिष्ट पहिचान झल्काउने स्थान र वस्तुहरुको तस्विरहरु निर्माण गरी सजावटका लागि पनि आवश्यक व्यवस्था मिलाएको छु।

<u>सुशासन र सार्वजनिक सेवा प्रवाह</u>

४४. शासकीय स्वच्छता र सुशासन प्रवर्दनलाई प्राथमिकतामा राखी सवै क्षेत्रमा सदाचार पद्धति अवलम्वन गरिनेछ ।

४५. सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा आमूल परिवर्तन गरी संघीय शासन प्रणाली अनुरुपको सोच र कार्य शैलीको विकास गरिनेछ । सार्वजनिक पदाधिकारीहरुको जवाफदेहिता सुनिश्चित गरिनेछ ।

४६. कर्मचारी तथा शिक्षकहरुको गाउँपालिका भित्र सरुवा,पुरस्कार,सजाय,वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाइनेछ,

४७. कर्मचारीहरुलाई सेवाप्रवाह प्रति उर्जाशिल र उत्पेरित गर्न, कोभिड १९ को संक्रमण व्यवस्थापनलाई प्रभावकारी बनाई जोखिम न्यूनिकरणमा अग्रपंतिमा रहि अहोरात्र खटिने राष्ट्रसेवहरुको मनोवल उच्च राख्न प्रोत्साहन तथा पुरस्कार कार्यक्रमको व्यवस्था मिलाएको छु ।

४८. आर्थिक वर्ष २०७६/७७ देखि राजश्व व्यवस्थापन, वजेट तयारी, लेखांकन तथा प्रतिवेदन जस्ता कार्य स्थानीय संञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) लाई थप प्रभावकारी रुपमा लागू गरी गाँउपालिकाको आर्थिक कार्यप्रणाली र प्रशासनिक कामकारवाहीमा सुशासन कायम गरिनेछ ।

४९. नेपाल सरकार,प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्था संग साझेदारीमा गाउँपालिकाको पूर्वाधार विकासका लागि समपूरक कोषमा रु २ करोड व्यवस्था मिलाएको छु । उक्त कोषमार्फत साझेदारीमा गाँउपालिकामा सडक, औद्योगिक ग्राम स्थापना, आधुनिक कभर्ड हलसहितको खेलमैदान, बहुउदेश्यीय सभाहल निर्माण, कृषि बजार केन्द्र र कोल्डस्टोर निर्माण गरिनेछ,

५०. गाँउपालिकाले सहभागितामूलक योजनालाई प्राथमिकता दिई वडाबाट छनौट भएका वडास्तरीय योजनाहरु : सडक मर्मत सुधार २२ लाख ५० हजार, प्रधानमन्त्री रोजगार कार्यक्रममा रु १० लाख, विपद व्यवस्थापन

कोषमा रु ५ लाख ५० हजार, खेलकूद विकास तर्फ रु १ लाख ५० हजार, कृषि कार्यक्रमको लागि रु २२ लाख, भौतिक पूर्वाधार तथा अन्य तर्फ रु ८८ लाख ५० हजार गरी जम्मा रु १ करोड ५० लाख रुपैया बजेट विनियोजन गरेको छु ।

५१. आगामी आ.व.मा गाँउपालिकामार्फत कार्यान्वयन हुने योजनाहरुको हकमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम र सडक पूर्वाधार निर्माण बाहेक अन्य क्षेत्रको कार्यक्रममा चालु आ.व.मा भएको लागत साझेदारीलाई निरन्तरता दिईनेछ ।

५२. गाउँपालिकाको प्रथम पञ्चबर्षिय आवधिक योजनालाई आधार बनाई गाउँपालिकाले आगामी ५ बर्षको योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएकोछु ।

५३. आगामी आर्थिक वर्ष २०७७/७८ मा विभिन्न क्षेत्रगत विषय :- आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण, विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको वजेट विनियोजन विद्येयकको अनुसूचीमा समावेश गरेको छु ।

**सभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु**

अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

५४. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ३१ करोड ८६ लाख ९२ हजार खर्च हुने अनुमान गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु ६ करोड १८ लाख र पुँजीगततर्फ रु ९ करोड २९ लाख रहेको छ भने सशर्त अनुदान तर्फ चालु र पुँजीगत गरी रु १६ करोड ३९ लाख रहेको छ ।

५५. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (खर्च शीर्षकगत तथा उपशिर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक,२०७७ संगै पेश गरेको छु । त्यस विवरणमा पदाधिकारी अन्य सुविधा, कर्मचारी तलव भत्ता,पानी तथा विजुली महसुल, घर भाडा, करार विभिन्न कार्यक्रम खर्च, शुल्क, सवै कार्यक्रम खर्च,औषधि व्यवस्थापन खर्च, राहत उद्धार खर्च,शैक्षिक संस्थालाई अनुदान,बौद्धिक सम्पत्ती प्राप्ती जस्ता प्रशासनिक प्रकृतिका चालु खर्चको लागि राजश्व वाँडफाँडबाट प्राप्त हुने रकम मात्र चालु खर्च शिर्षकमा रु ६ करोड १८ लाख ३१ हजार १ सय ३० रुपैया विनियोजन गरिएको छ।

५६. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ८ करोड ९ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व वाँडफाँड रु ५ करोड ५५ लाख, सशर्त अनुदान रु १६ करोड ३९ लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु १ करोड २० लाख ६१ हजार, प्रदेश राजश्व वाँडफाँड रु २२ लाख ३३ हजार, प्रदेश समपुरक अनुदान रु १ करोड, ५० लाख आन्तरिक राजश्वबाट प्राप्त हुने रु ४० लाख र गत वर्षको नगद मौज्दात रु २ करोड ८८ लाख ४५ हजार अनुमान जसमध्ये राजश्व बाँडफाँडबाट हालसम्म प्राप्त हुन नआएको २ करोड ४७ लाख ६५ हजार ८ सय ५५ रुपैया र प्रदेश सरकारको योजनामा गत आ.व.मा भुक्तानी दिईएको पर्यटन मन्त्रालय अन्तर्गत रु ५ लाख र भौतिक पूर्वाधार अन्तर्गत सिरिन्डाँडा-ओख्ले सडक २९ लाख ७७ हजार ७ सय ६३ रुपैया गरी कूल ३४ लाख ७७ हजार ७ सय ६३ रुपैया कट्टी गरी बाँकी हुन आउने रु ६ लाख १ हजार ३ सय ८२ रुपैया मात्र रहने अनुमान रहेको छ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०७७/७८ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु,

५७. स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु ।

५८. कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ ।कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

५९. आर्थिक रुपले विपन्न,अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणाली विकसित गरिनेछ ।

६०. गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धी,आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ ।

६१. रोडा, ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क,विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ग-४-२ बाँडफाँट खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६२. गाउँपालिका भित्रका व्यापारिक र व्यावसायिक प्रकृतिका मनोरञ्जनका महोत्सव, उत्सव तथा मेला आदिमा मनोरञ्जन करको व्यवस्था मिलाईनेछ ।

६३. गाउँपालिका भित्रमा लगाईएको सम्पत्ति करलाई थप सरल र प्रभावकारी हुने व्यवस्था मिलाएकोछु ।

६४. गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसाय करको दायरामा लिईनेछ ।साथै प्यान नं. लिने तथा कर शिविरको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

६५. राजश्व सम्वन्धी प्रस्तावित विधेयक,२०७७ यसै सभाबाट पारित भैसकेको छ । त्यस्तै कर तथा गैर करको दर रेट सम्बन्धी अर्थ सम्वन्धी प्रस्ताव यसै बजेट मन्तब्य सँग संलग्न राखेको छु । सो विधेयक सम्वत २०७७ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएकोछु ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यहरु,**

६६. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताद्वारा शासनको चरितार्थ गरी जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हामी पूर्ण प्रतिवद्ध छौ ।

६७. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष,गाउँसभाका सदस्यहरु,विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र विषयगत क्षेत्रका विज्ञहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु ।

६८. यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।साथै,मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई **‐समृद्ध अर्जुनचौपारी, सुखी अर्जुनचौपारीवासी’** निर्माणको यात्रामा सहभागी हुन आब्हान गर्दछु । बिगतको भोगाई, गल्ती र सिकाई, बर्तमानको जटिल्ताको बीच भविष्यको गोरेटोहरु खोज्दै सम्पूर्ण जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरु अगाडी बढिरहनुहुनेछ भन्ने आसा र भरोसाका साथ विदा हुन चाहन्छु ।

धन्यवाद !

चीनमाया गुरुङ्ग
उपाध्यक्ष, अर्जुनचौपारी गाउँपालिका

# अर्जुनचौपारी गाउँपालिकाकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७७

प्रस्तावना :

अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ बमोजिम अर्जुनचौपारी गाउँपालिकाको गाउँसभाले यो ऐन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "अर्जुनचौपारी गाउँपालिका आथिक ऐन, २०७७" रहेको छ । (२) यो ऐन २०७७ साल श्रावण १ गते देखि अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२) **सम्पत्ति कर** : अर्जुनचौपारी गाउँपालिकाले अनुसूची (१) बमोजिम गाउँपालिका क्षेत्रभित्रका घर जग्गामा सम्पत्ति कर लगाई असुल उपर गरिनेछ । घरको मूल्याङ्कन अनुसूची (२) अनुसार, घरको बनौटको आधारमा ह्रास कट्टी अनुसूची (३) अनुसार र जग्गाको मूल्याङ्कन अनुसूची (४) अनुसार गरिनेछ ।

३) **भूमिकरः** अर्जुनचौपारी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची (५) बमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

४) **बहाल कर** : अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा,सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तबरले वहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची (६) बमोजिम बहाल कर लगाई असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर** : अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार,

व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायिक प्रकृति, आर्थिक कारोवार, स्थान बिषेश र लगानीका आधारमा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग-अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

६) **जडीबुटी, कवाडी र जीबजन्तु कर** : अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,

खोटो, जडिबुटी, बनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ्ग, प्वाखँ, छाला जस्ता वस्तुका व्यवसायिक कारोबार गरेबापत गाउँकार्यपालिकाले तोके बमोजिम शुल्क लगाइनेछ ।

तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित ब्यवस्था लागू हुने छैन ।

७) **सवारी साधन कर** : प्रदेश सरकारले तोके बमोजिम बाँडफाँडबाट गाउँपालिकालाई प्राप्त हुने सवारीसाधन कर लगाई असुल उपर गरिनेछ

८) **विज्ञापन कर** ः अर्जुनचौपारी गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (८) बमोजिमको दरमा विज्ञापन कर लगाई असुर उपर गरिनेछ ।

९) **मरोरञ्जन कर** ः अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकोको दरमा मनोरञ्जन कर लगाई असुर उपर गरिनेछ ।

१०) **बहाल बिटौरी कर** ः अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको भवन, हाटबजार, पसल, मेलामा वा कुनै व्यक्ति, संघ/संस्थाले सार्वजनिक ऐलानी प्रती जग्गामा बनाएको भवन, हाटबजार, पसलमा बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ । त्यस्तो शुल्क निर्धारण गर्दा गाँउपालिकाले सम्पत्ति कर मूल्याङ्कलाई आधार मानिनेछ ।तर बहाल विटौरी कर बुझाएको रसिदलाई घरधनीले भोग गरेको घर आफ्नो नामको स्वमित्वमा रहेको प्रमाण मानिनै छैन ।

११) **सवारी साधन पार्किङ्ग शुल्क**ः अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ । त्यस्तो शुल्क गाँउकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।साथै पार्किङ्ग व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाले अर्जुनचौपारी गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ ।

१२) **ट्रेकिङ्ग र र्‍याफ्टिङ्ग शुल्क** ः अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ्ग र र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत शुल्क लगाई असुल उपर गरिनेछ । त्यस्तो शुल्क गाँउकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

१३) **सेवा शुल्क दस्तुर** ः अर्जुनचौपारी गाउँपालिकाले निर्णय, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

१४) **पर्यटन शुल्क** ः अर्जुनचौपारी गाउँपालिकाले तोकेको स्थानहरुमा पर्यटक प्रवेश गर्दा गाँउकार्यपालिकाले तोकेबमोजिम दरमा प्रवेश शुल्क लगाई असुल उपर गरिनेछ ।

१५) **जरिवाना** : अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने वा फोहोरमैला तथा निर्माण सामाग्रीबाट उत्सर्जित फोहोर एवं प्रचलित कानून विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा लिलामि गरिनेछ । साथै अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकाले समय-समयमा यस व्यवस्थामा थपघट पूनरावलोकन गर्न सक्नेछ । कर बक्यौतामा लाग्ने जरिवाना पूर्ण छुट मिनाह हुनेछ ।

१६) **घर जग्गा रजिष्ट्रेशन शुल्क** : अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तीहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोकेबमोजिम असुल उपर गरिनेछ ।

१७) **कर तथा शुल्क संकलन कार्यविधि** : यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हृदमा यस ऐन सँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्वन्धि अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

१८) **अन्य व्यवस्था** : अर्जुनचौपारी गाउँकार्यपालिका विभाग, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवा ग्राहीले बुझाउनु पर्ने कर शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ, वडा कार्यालयबाट कर निर्धारण गरि असुल गर्दा वडा अध्यक्षको समन्वय गरिनेछ । तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन ।

१९) **यसै ऐन बमोजिम भएको मानिने** : यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२०) **नियम वा कार्यविधि बनाउन सक्ने** : अर्जुनचौपारी गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

२१) **साविक बमोजिम हुने** : यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लेखित नभएको हकमा साविक बमोजिमनै हुनेछ ।

२२)  **बाधा अडकाउ फुकाउ** : यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकालाई बाधा कडकाउ फुकाउने अधिकार रहनेछ ।

२३)  **खारेजी** : साविकमा अर्जुनचौपारी गाउँकार्यपालिकाले लागू गर्दै आएको व्यवस्थाहरु यस ऐन सँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन ।

**अनुसूची- १**

**सम्पत्ती करको दर :**

| भवन र जग्गाको मूल्य | जम्मा मूल्य | दर% | कर रु | जम्मा रु |
|---|---|---|---|---|
| रु पाँच लाख सम्मको मूल्याङ्कन | | ०.०१० | | |
| रु पाँच लाख देखि बीस लाख सम्म | | ०.०१५ | | |
| रु बीस लाख देखि पचास लाख सम्म | | ०.०२० | | |
| रु पचास लाख देखि १ करोड सम्म | | ०.०४० | | |
| रु १ करोड देखि २ करोड सम्म | | ०.०४० | | |
| रु २ करोड देखि ३ करोड सम्म | | ०.१०० | | |
| रु ३ करोड देखि ५ करोड सम्म | | ०.३०० | | |
| रु ५ करोड भन्दा माथी | | ०.४५० | | |

**स्पष्टिकरण** :

१.  अर्जुनचौपारी गाउँपालिकाद्धारा आफ्नो क्षेत्रभित्रको सम्पत्ती कर लाग्ने भवनको अनुसूची (२), (३) र जग्गाको अनुसूची (४) मा उल्लेख भएको दरमा मूल्य निर्धारण गरी सो मूल्यमा अनुसूची (१) बमोजिम सम्पत्ती कर लगाई असुल गरिनेछ । भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्शा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिनेछ ।

२.  माथि बुँदा नं. १ बमोजिम सम्पत्ती कर लाग्ने भवन र जग्गा बाहेक भवन नभएको बाँकी जग्गामा अनुसूची (५) को दरमा भूमिकर मालपोत लगाई असूल गरिनेछ ।

३.  सम्पत्ती कर निर्धारण प्रयोजनको लागि अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र रहेको भवन संरचनाको सम्पूर्ण क्षेत्रफल र उक्त भवन संरचना रहेको दोब्बर क्षेत्रफल लाई अधिकतम बराबरको मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिनेछ ।

४.  संयुक्त तथा सामुहिक आवासको सम्पत्ती कर निर्धारण :

(१) बहुतले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवास (हाउजिङ्ग) वा कुनै घरको विभिन्न तलाहरु वा एकै तलामा पृथक-पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक पृथक स्वामित्व भएका भागहरु वा तालाहरुको सम्पत्ती कर सम्वन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा देहाय बमोजिम निर्धारण गरी असुल उपर गरिनेछ ।

(क) बहुतले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को हकमा घर जे-जति क्षेत्रफलको अपार्टमेन्ट वा फ्ल्याट राजिनाम वा स्वामित्व हस्तान्तरणको लिखित पारित गरी हकहस्तान्तरण भएको छ सोही बराबर घर (अपार्टमेन्ट वा फ्ल्याट) को क्षेत्रफल कायम गरिनेछ ।

(ख) बहुतले सामुहित आवास (अपार्टमेन्ट वा फ्ल्याट) को जग्गाको क्षेत्रफल कायम गर्दा राजिनाम वा स्वामित्व हस्तान्तरणको लिखितमा उल्लेख भएको भए सोही जग्गाको क्षेत्रफल र उल्लेख नभएको भए घर (अपार्टमेन्ट वा फ्ल्याट) को स्वामित्व बराबरबो क्षेत्रफल मानि सोको दुई गुणा बराबरबो जग्गाको क्षेत्रफल कायम गरिनेछ ।

(ग) माथि खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिम हुन आउने घर र जग्गाको क्षेत्रफललाई आधारमानी स्वीकृत दर अनुसार मूल्याङ्कन गरी कर निर्धारण गरिनेछ ।

(घ) संयुक्त आवास (हाउजिङ्ग) को जग्गाको क्षेत्रफलको हकमा राजिनामा वा हक हस्तान्तरणको लिखतमा उल्लेख भए बराबरबो जग्गाको क्षेत्रफल कायम गरिनेछ ।

(२) गाउँपालिकाले तोकेको अवधिभित्र सामुहिक आवास वा संयुक्त आवास निर्माण भएका आवास बिक्री नभई बाँकी रहेको स्टकमा सम्पत्ती कर लाग्ने छैन । तर अनुगमन गर्दा त्यसरी विक्रि नभएको स्टकको कुनै प्रकारले उपयोग भएकोमा त्यस्तो स्टकमा कर लाग्ने छ ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको स्वीकृत लिई निर्माण भएको संयुक्त आवास वा सामुहिक आवासको सामुहिक उपभोगमा रहने बेसमेण्ट, बगैचा, पाकिङ्ग तथा सडक क्षेत्रमा सम्पत्ती कर लाग्ने छैन ।

(४) व्यवसायिक प्रयोजनको लागि निर्माण गरी बिक्री भएको (मल/सपिङ्ग कम्प्लेक्स/सपीङ्ग सेन्टर आदी) मा खरिद बिक्री हुने पसल, कोठा तलाको हकमा समेत उपदफा (१) बमोजिम कर निर्धारण गरिनेछ ।

(५) लिज सम्झौता बमोजिमको सम्पत्तीका कर लाग्ने :

(१) कुनै व्यक्ति वा संस्थाको नाममा जग्गाको स्वामित्व भई अर्को व्यक्तिले भवन आदि भौतिक संरचनाको निर्माण विकास र सम्वर्द्धन गरी भोग गरेको सम्पत्तीको कर तिर्नुपर्ने दायित्व सम्वन्धमा निजहरु बीच भएको सम्झौतामा स्पष्ट उल्लेख गरिएको हकमा सोही बमोजिम हुनेछ, यदि सम्झौतामा स्पष्ट प्रावधान उल्लेख नगरिएको भएमा सम्पत्तीको भोग गर्ने वा लिजमा लिने व्यक्ति वा संस्थाले यस परिच्छेद बमोजिमको कर दाखिला गर्नुपर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिमको लिज सम्झौता भंग भएमा वा कार्यान्वयन नभई सम्झौताको यथार्थ परिपालना नगरिएको अवस्थामा सम्पत्ती कर तिर्ने दायित्व सम्वन्धित जग्गाधनीको हुनेछ,

(३) प्रचलित नेपाल कानून र यस परिच्छेद बमोजिम सम्पत्ती कर छुट हुने व्यक्ति वा निकायको जग्गामा व्यवसायिक प्रयोजनका लागि भवन निर्माण गरी उपभोग गरेको भए उक्त भवन र सोले चर्चेको जग्गामा सम्पत्ती भोग गर्ने व्यक्ति वा संस्थाबाट यस परिच्छेद बमोजिम सम्पत्ती कर लगाई असुल सपर गरिनेछ ।

(४) सम्पत्ती कर छुट हुने व्यक्ति वा निकायको जग्गामा एउटा प्रयोजनको लागि बनाएको भवन सो प्रयोजन परिवर्तन गरी व्यवसायिक प्रयोजनमा प्रयोग गरेको पाईएमा कर अधिकृतले कर निर्धारण गरी कर असुल गर्नेछ ।

६. आर्थिक बर्ष २०७६/७७ को सम्पत्ती कर असोज मसान्तभित्र दाखिला गरेमा यस आर्थिक बर्षमा लाग्ने सम्पत्ती करमा १० प्रतिशत छुट दिईनेछ । तर घर जग्गा करको बक्यौताको हकमा त्यस्तो छुट दिईनेछैन ।

## अनुसूची- २

## भवन मूल्याङ्कन दर

भवनको बनौटको आधारमा भवनको मूल्याङ्कन दर देहाय बमोजिम कायम गरिएकोछ :

| क्र.स. | भवनको प्रकार/बनोट | भवनको मूल्याङ्कन दर प्रति ब.फी रु |
|---|---|---|
| १ | भित्र बाहिर पाको इटा, ब्लक वा ढुङ्गा र माटोको जोडाई भएको सवै कच्ची घर | १ तलेको रु १००<br>२ तले वा सोभन्दा बढी रु १५० |
| २ | प्रीफायब भवन, गोदाम भवन ब्लक वा ढुङ्गाको | १५०० |
| ३ | भित्रबाहिर पाको इट्टा, रा ब्लक वा ढुंङ्गा सिमेन्टको जोडाई भएको भवन | १८०० |
| ४ | स्टील स्ट्रक्चर (ट्रस) भवन | १९०० |
| ५ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | २००० |

## अनुसूची- ३

## भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

भवनको बनौट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straigjt Line Method) अनुसार हुनेछ। यसको गणना देहाय बमोजिम गरिनेछ ।

| क्र.स. | भवनको प्रकार/बनोट | बार्षिक ह्रास | ह्रासकट्टी अवधि |
|---|---|---|---|
| १ | भित्र बाहिर पाको इटा, ब्लक वा ढुङ्गा र माटोको जोडाई भएको सवै | २% | ३५ बर्ष |
| २ | प्रीफायब भवन, गोदाम भवन ब्लक वा ढुङ्गाको | ३% | २५ बर्ष |
| ३ | भित्रबाहिर पाको इट्टा, रा ब्लक वा ढुंङ्गा सिमेन्टको जोडाई भएको भवन | १.५% | ५० बर्ष |
| ४ | स्टील स्ट्रक्चर (ट्रस) भवन | २% | ३५ बर्ष |

| | | | |
|---|---|---|---|
| ५ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | १% | ७५ बर्ष |

**अनुसूची - ४**

**सम्पत्ती कर प्रयोजनका लागि जग्गा मूल्याङ्कन**

| **मुख्य सडक** | **प्रति रोपनी** |
|---|---|
| दरौंखोला बजारको पक्की बाटो सँग जोडिएको | **४० लाख** |
| दरौंखोला बजारको सहायक पक्की बाटो सँग जोडिएको | **३० लाख** |
| दरौंखोला बजारको कच्ची बाटो सँग जोडिएको | **२५ लाख** |
| दरौंखोला बजारको भित्रीबाटो सँग जोडिएको | **२० लाख** |
| **१. हेलु-आरुचौर सडक** | **प्रति रोपनी (रु)** |
| ठाँडाखेत सीमाना -तीनघरे सम्मको मूल बाटो सँग जोडिएको | २० लाख |
| तीनघरे-रापाकोट प्रहरी चौकी सम्म मूल बाटो सँग जोडिएको | ७.५ लाख |
| रापाकोट चौकी-गाउँपालिका सीमाना सम्म मूल बाटो सँग जोडिएको | ५ लाख |
| **२. पुतलीखेत-आरुचौर सडक** | |
| पुतलीबजार सीमादेखि दरौं शिवालय मन्दिर सम्म मूल बाटो सँग जोडिएको | १० लाख |
| **३. अर्जुनचौपारी-आग्रीखर्क सडक मूल बाटो सँग जोडिएको** | ७.५ लाख |
| **४. मल्काङ्ग-बयाले-पञ्चमूल मूल बाटो सँग जोडिएको** | ७.५ लाख |
| **५. अर्जुनचौपारी-राम्चे-तालपोखरी मूल बाटो सँग जोडिएको** | ५ लाख |
| ६. **अर्जुनचौपारी-नुवारभञ्ज्याङ्ग सडक मूल बाटो सँग जोडिएको** | ३० लाख |
| ७. थाङनुङ्ग-सिरिन्डाँडा-ओख्ले-काउरे ग्रामीण सडक सँग जोडिएको | ५ लाख |
| **वडा सडक** | **प्रति रोपनी** |
| **१. अर्जुनचौपारी-लामडाँडा (वडास्तरीय सडक)** | |
| जिरो-भिकुवाखोला सम्म | २० लाख |

| | |
|---|---|
| भिकुवाखोला-लामडाँडा गा.पा. सीमान सम्म | ७.५ लाख |
| **२. अर्जुनचौपारी-दरौं** | ७.५ लाख |
| **भित्री सडक** | |
| गाउँपालिका भित्रका सहायक कच्ची ग्रामीण सडक सवै | २.५ लाख |
| यस गा.पा अन्तर्गत गोरेटो, सार्वजनिक डहर बाटोले छोएको जग्गाको हकमा अब्बल खेत बराबरको मूल्य कायम हुने | |
| यस गा.पा अन्तर्गत बाटो नभएको जग्गाको हकमा अब्बल पाखो बराबरबोको मूल्य कायम हुने | |

## अनुसूची- ५
## भूमिकरको दररेट

भूमिकर प्रयोजनको लागि खेती योग्य जमिनको मूल्याङ्कन ः

| **साविक गा.पा** | **खेत तर्फ रु प्रति रोपनी** | | | | **पाखा तर्फ रु प्रति रोपनी** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **अबल** | **दोयम** | **सिम** | **चाहार** | **अबल** | **दोयम** | **सिम** | **चाहार** |
| आरुचौर | ९१३०० | ८२५०० | ७२६०० | ६४९०० | ४६२०० | ४०७०० | ३६३०० | २८६०० |
| अर्जुनचौपारी | १८१५०० | १३७५०० | १२७६०० | १०८९०० | ७२६०० | ६४९०० | ४६२०० | ३९६०० |
| पञ्चमूल (३,७) | १०८९०० | १००४३० | ८२५०० | ७२६०० | ५५००० | ४६२०० | ३६३०० | ३९६०० |
| रापाकोट | १०८९०० | ९१३०० | ८२५०० | ६४९०० | ५५००० | ४६२०० | ३६३०० | ३९६०० |
| दरौं | १०८९०० | १०१२०० | ८२५०० | ७२६०० | ५५००० | ४६२०० | ३६३०० | ३९६०० |

नोटः- भूमिकरको हकमा न्यूनतम २ रोपनी सम्म रु १०, २ रोपनी भन्दा बढी जग्गा भएमा प्रति रोपनी रु ७ का दरले बार्षिक रुपमा भूमि कर (मालपोत) लिईनेछ ।

## अनुसूची- ६
## बहाल करको दर

अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी वा अन्य सम्पत्ती पुरै वा आंशिक तबरले बहाल लगाएकोमा बहाल रकममा देहाय बमोजिम बहालकर संकलन गरिनेछ :

(१) करदाताले आफूले बहालमा लगाएको बहाल रकम स्वंय घोषणा गर्न सक्नेछ ।

(२) करदाताले गरेको स्वयं घोषणा वा बहाल लिने दिने वीच भएको सम्झौता बमोजिमको बहाल दर वा कूल बहाल रकम सूत्रबाट कायम हुने दर अनुसारको बहाल रकम भन्दा बढी हुन आएमा स्वयं घोषणा वा सम्झौता अनुसारको रकमलाई बहाल-रकम मानी बहाल-कर असूल उपर गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बहाल कर निर्धारण गर्न नसकिएमा प्रतिमहिना प्रतिवर्ग फिट न्यूनतम बहाल दर निर्धारण गर्दा देहायको सूत्रका आधारमा गरिनेछः

बहाल दर = जग्गाको प्रति आना मूल्य+ घरको प्रति बर्ग फिट मूल्य) गुणक (C)

१००००० १००

(४) उपदफा (३) बमोजिम बहाल कर निर्धारण गर्दा सम्पत्ति कर प्रयोजनको लागि तोकिए बमोजिम कायम भएको जग्गाको प्रति आना मूल्य र घरको बनोटको लागि तोकिए बमोजिम कायम भएको घरको प्रति वर्ग फिट मूल्यलाई आधार लिइनेछ ।

(५) उपदफा (३) मा उल्लेखित सूत्रमा गुणक C (Coefficient) निर्धारण गर्दा बहाल वा भाडामा उपलव्ध गराउने भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी वा अन्य सम्पत्ति रहेको स्थान (Zoning/location), सडकसँगको अवस्था, उपयोग, व्यवसायिक महत्व, उपलब्घ सुविधाहरु, घरको फिनिसिंग, घरको बनौट, प्लिन्थ-एरिया, कार्पेट-एरिया, तला आदिलाई आधार लिई

क) C (Coefficient) ०.२ भन्दा कम नहुने र २.० भन्दा अधिक नहुने गरी कायम गरिनेछ ।

ख) सूत्रमा उल्लेख भएको C (Coefficient) को प्रस्तावित दर निर्धारण गर्नका लागि प्रत्येक आर्थिक बर्षको बजेट निर्माण अगावै अर्जुनचौपारी गाउँपालिका राजश्व परामर्श समितिले सम्वन्धित वडाका जनप्रतिनिधीसँग परामर्श गरी सिफारिस गर्न सक्नेछ ।

(६) कूल बहाल रकमको बार्षिक १० प्रतिशतका दरले बहाल कर लगाई असुल गरिनेछ

(७) बहाल दर निर्धारण प्रयोजनका लागि गुणक (Coefficient) निम्न अनुसार कायम गरिएको छ :

(क) क्षेत्र : दरौंखोला बजारको पक्की मुल बाटो हुदै सडकको दाँयाबाँया जोडिएको बहाल कर दर निर्धारण प्रयोजनका लागि गुणक ( Coefficient) कायम गर्ने

(ख) क्षेत्र २ माथि उल्लेखित क्षेत्रहरु बाहेकका अन्य क्षेत्रहरुका लागि गुणक(Coefficient-C2) कायम गर्ने

| **प्रयोजन** | **गेरक (C1)** | **गुणक (C2)** |
|---|---|---|
| व्यपारिक प्रयोजन | ०.२० | ०.२० |
| कार्यालय प्रयोजन | ०.३५ | ०.३० |
| आवासीय प्रयोजन | ०.५० | ०.४० |

**अनुसूची- ७**

# व्यवसाय करको दररेट

मूल्य अभिवृद्दि करमा दर्ता भएका ठूला ब्यवसायीहरूलाइ क अनुसार र पानमा दर्ता भएका साना व्यवसायीलाइ ख अनुसार तल उल्लेख भए बमोजिमको व्यवसाय कर लगाउने निर्णय गरियो ।

| क.सं. | व्यवसायको विवरण | आ.ब. २०७७/०७८ का लागि प्रस्तावित करको श्रेणी (दर्ता शुल्क) | |
|---|---|---|---|
| | **स्तर** | **क** | **ख** |
| १) | **पर्यटन उद्योग** | | |
| १.१ | होमस्टे | ५०० | ३०० |
| १.२ | होटल,लज एवं साधारण होटल | १५०० | ५०० |
| १.३ | रेष्टूरेन्ट (म:म, तास,सेकूवाआदि) | १००० | ३०० |
| १.४ | **प्रति पर्यटक स्वदेशी । विदेशी** | | **२५।५०** |
| २) | **व्यापारिक वस्तू** | | |
| २.१ | खाद्यान्न,मदिरा, किराना डिलर र खूद्रा | १५०० | ५०० |
| २.२ | कपडा पसल (थोक एवं खूद्रा) | १५०० | ५०० |
| २.३ | आयल पम्प | १५०० | |
| २.४ | विद्युत सामान तथा विद्युतीय सामग्री टि.भी., घडी रेडियो बिक्री | १००० | ५०० |
| २.५ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र,वर्कशप | १००० | ५०० |
| २.६ | निर्माण सामाग्री | २००० | १००० |
| २.७ | सूनचांदी पसल (ज्वेलेरी) | १००० | ५०० |
| २.८ | फेन्सी पसल | १५०० | ५०० |
| २.९ | उनी धागो पसल | ५०० | ३०० |
| २.१० | जूत्ता चप्पल पसल | ८०० | ५०० |
| २.११ | सपिङ सेन्टर | १००० | ५०० |
| ३) | **अन्य सेवा** | | |
| ३.१ | विविध श्रृघार पसल (थोक/खुद्रा) | ८०० | ३०० |
| ३.२ | फर्नीचर पसल | १२०० | ८०० |
| ३.३ | ह्हार्डवयर,भांडा र गिफ्ट पसल(थोक/खूद्रा) | १००० | ५०० |
| ३.४ | केवूल, नेटवर्किङ | ५००० | |
| ३.५ | पूलवोर्ड (प्रति वोर्डरु.) | ५०० | |
| ३.६ | भिडियो गेम(प्रति स्किमरु.२००।) | २०० | |
| ३.७ | पूस्तक तथा पत्रिका पसल | ७०० | ५०० |
| ३.८ | नर्सरी र फलफुलका विरुवा बिक्रीवितरण | ४०० | २०० |
| ३.९ | सस्थागत पेन्टर | २०० | |
| ३.१० | तरकारी पसल | ३०० | २०० |

| | | | |
|---|---|---|---|
| ३.११ | वीज भण्डार | ५०० | |
| ३.१२ | मासू पसल | ८०० | ५०० |
| ३.१३ | टेलरिङ,कपडा सिलाई | ८०० | ५०० |
| ३.१४ | हेयर कटिङ | ५०० | |
| ३.१५ | आर्ट | ३०० | |
| ३.१६ | फोटो स्टूडियो | ८०० | ३०० |
| ३.१७ | रंगरोगन पसल | १००० | ५०० |
| ३.१८ | माछा फारम | १००० | |
| ३.१९ | वंगुर फारम | १००० | |
| ३.२० | भैसी फारम | १००० | |
| ३.२१ | कुखुरा फाराम | १००० | |
| ३.२२ | चश्मा पसल | ५०० | |
| ४ | **मर्मत संभार** | | |
| ४) | रेडियो टि.भि घडी, प्रेशर कुकर, हिट टेलीफोन सेट पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | ८०० | ३०० |
| १ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | १००० | ५०० |
| २ | **सेवा उद्योग** | | |
| ५) | डाइभिङ इन्ष्टिच्यूट | ८०० | |
| १ | चलचित्र मन्दिर | १००० | |
| २ | ल्याब तथा फोटो ग्राफि | १००० | ५०० |
| | **मेडिकल पसल** | १००० | |
| | **ब्युटी पार्लर** | | ५०० |
| ३ | छापाखाना | १००० | ५०० |
| ४ | **कृषि तथा वनजन्य उद्योग** | | |
| ६) | कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | १५०० | |
| १ | **उर्जामुलक** | | |
| ७) | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | १००० | |
| १ | **उत्पादन मुलक उद्योग** | | |
| ८) | पाउरोटी भण्डार | ८०० | ३०० |
| १ | मिल | ८०० | ३०० |
| २ | आइसक्रिम उद्योग तथा पसल | ८०० | ३०० |
| ३ | **वित्तीय सेवा** | | |
| ९) | वित्तीय संस्था र सहकारी संस्था | १५०० | ५०० |
| १ | रेमिटेन्स सेवा | १५०० | |
| २ | **स्वास्थ्य सेवा** | | |
| १०) | निजी तथा गैरसरकारी अस्पताल | १५०० | ८०० |
| १ | नर्सिङ होम | १५०० | ८०० |
| २ | क्लिनिक तथा ल्याव | १५०० | ८०० |
| ३ | दांत बनाउने पसल | ५,००।० | |

| | | | |
|---|---|---|---|
| ४ | **शिक्षा सेवा** | | |
| ११) | नि.जि क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस उ.मा.वि मा.वि. र प्रा.वि. | २००० | १००० |
| | क्याम्पस | १०००० | |
| | मा. वि. | ५००० | |
| | आधारभुत | ३००० | |
| | प्रा.वि. | २००० | |
| १ | टाईपिङ, कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्था | १००० | |
| २ | सिलाई, बूनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | १००० | ५०० |
| ३ | टेक्निकल इन्स्टिच्युट | १००० | |
| ४ | **निर्माण व्यवसायी गाउपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा (दर्ता/नबिकरण)**<br>**घ बर्ग** | ५०००,<br>३००० | |
| १२) | **संचार सेवा** | | |
| १३ | निजी क्षेत्रका कूरियर, फ्याक्स,इमेल, इन्टरनेट र टेलिफोन | ५०० | |
| १ | **विशेषज्ञ मरामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| १३) | चिकित्सक विशेषज्ञ (स्वा.सहायक,कविराज) | ५०० | ३०० |
| १ | ल फर्म | १००० | ५०० |
| २ | कन्सल्टेन्सी फर्म (इन्जीनिय र ओ.) | ५००० | ४००० (ख,ग,घ) |
| ३ | ज्योतिष | ५०० | |
| ४ | अडिटर फर्म (क ख ग घ) | १००० | ८०० |
| ५ | **अन्य व्यवसाय** | | |
| १४) | कवाडी सामानको थोक बिक्रेता | २००० | |
| १ | टेण्ट हाउस | १००० | ८०० |
| २ | लाउण्डी पसल | ५०० | |
| ३ | मादल पसल | ३०० | |
| ४ | माटोको भांडा बनाउने | ३०० | |
| ५ | मिठाई पसल | ८०० | ५०० |
| ६ | **सा. उद्योग** | | |
| १५) | कटिङ ढुंगा उद्योग | १००० | |
| १ | इट्टा भट्टा | १००० | |
| २ | ग्रिल उद्योग | १५०० | १०,००।० |
| ३ | अन्य उद्योग | १५०० | १००० |
| ४ | ब्लक उद्योग | १००० | |
| **नक्सापास दस्तुरः** | | | |
| - | **घर अभिलेखिकरण** | | |
| - | घर अभिलेखिकरण कच्ची | | **३००** |
| | घर अभिलेखिकरण पक्की | | ५०० |
| १ | नक्सापास निवेदन फारामको रू. | | १०० |
| २ | भुईं तला र पहिलो तलामा प्रति वर्ग फिट | | ३ |

| | | |
|---|---|---|
| ३ | दोश्रो तलामा प्रति वर्ग फिट | ४ |
| ४ | तेश्रो र सोभन्दा माथि प्रति वर्ग फिट | ५ |

अस्थाई र छाप्रो निर्माण गर्दा अस्थाई नक्सा पास पेश गर्नु पर्नेछ । ५०० बर्ग फिटसम्मको लागि निर्माण दस्तुर रु ५०० र ५०० वर्ग फिट भन्दा वढी भएका छाप्रोको वढी हुन आउने प्रति वर्ग फिट रु १ का दरले लिने । कुनै कित्तामा एक भन्दा बढी छाप्रो बनाउने पर्ने भएमा सवै छाप्रोको नक्सा पेश गरी सोही बमोजिम दस्तुर लाग्नेछ ।

## अनुसूची- ८
## विज्ञापन करको दररेट

| क्र.स. | विवरण | दर रु. मा |
|---|---|---|
| १ | फ्लेक्स बोर्डबाट तयार गरिएको विज्ञापन प्रचार सामाग्रीको प्रतिबर्ष प्रतिवर्गफुट | ५०० |
| २ | डिजिटल बोर्ड, ग्लो साइन बोर्ड, स्टिकरबाट गरिने विज्ञापन प्रचार सामाग्रीको प्रतिबर्ष प्रतिबर्ग फुट | ३५0 |
| ३ | नियोन साईन र यस्तै विज्ञापन प्रचार सामाग्रीको प्रतिबर्ष प्रतिवर्ग फुट | ५00 |
| ४ | सवारीसाधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम बीस स्क्वायर फुटसम्मको अस्थायी प्रकृतिको बोर्ड राखी गरिने विज्ञापनका लागि प्रति दिन | २०० |
| ५ | सवारी साधनमा स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीका लागि प्रतिबर्ष प्रतिवर्ग फुट | ३०० |
| ६ | खेलकूद मैदान र यस्तै प्रकृतिका अनमति लिएर गरिने कार्यक्रममा गरिने विज्ञापन वापत सम्वन्धित आयोजकबाट | पहिलो दिन १००० |
| ७ | बेलुन, ज्याकेट, माइकल, मोटरसाईकल प्रयोग गरि गरिने विज्ञापन वा डमी प्रचारमा प्रति गोटा प्रति दिन | २०० |
| ८ | विज्ञापन प्रयोजनको लागि ब्राण्ड कलरको हकमा प्रतिवर्गफिट प्रतिबर्ष | २०० |

क. कुनै पनि व्यक्ति, संस्था, कम्पनी, फर्मले आफ्नो सेवा वा बस्तुको बिक्री प्रयोजनको लागि खोलिएका कार्यालय, पसल व्यवसायको पहिचान वा परिचयको लागि बढीमा १५ बर्ग फुटसम्मको एउटा मात्र परिचयपाटी (Sign Board) राखेमा नियमानुसार लाग्ने विज्ञापन करमा ७५ प्रतिशत छुट उपलव्ध गराइनेछ । तर एक भन्दा बढी वा १५ बर्ग फुट भन्दा ठूलो आकारको बोर्डमा छुट दिइने छैन ।

ख. स्थानीय लिपि प्रयोग गरी गरिएका विज्ञापन/परिचयपाटीमा लाग्ने विज्ञापन करकम ९० प्रतिशत छुट प्रदान गरिनेछ

## अनुसूची- ९
# सेवा शुल्क दस्तुर

सिफारिस दस्तुरः

| सि.नं. | सिफारिसको विवरण | आ.व. २०७७/०७८ को प्रस्तावित दर |
|---|---|---|
| १ | वंशजको नागरिकता सिफारिसः निवेदन दस्तुर समेत | २०० |
| २ | जन्मको आधारमा गरिने नागरिकता सिफारिस नागरिकता एन अनुसार | ५०० |
| ३ | अंगिकृत नागरिकता सिफारिस | ७०० |
| ४ | नागरिकताको प्रतिलिपी सिफारिस | ३०० |
| ५ | नागरिकताको संशोधन सिफारिस | ३०० |
| ६ | नागरिकताको ठेगाना संशोधन सिफारिस | २०० |
| ७ | नाता प्रमाणित नेपाली | २०० |
| ८ | नाता प्रमाणित अंग्रेजी | ३०० |
| ९ | विद्यूत जडान सिफारिस सार्वजनिक जग्गामा निर्मित संरचनामा सिफारिस नहुने | १०० |
| १० | विद्यूत जडान थ्रिफेज सार्वजनिक जग्गामा निर्मित संरचनामा सिफारिस नहुने | ५०० |
| ११ | नाम थर जन्म मिति संशोधन, नाम छुट तथा दुई नाम एकै सिफारिस | ५०० |
| १२ | सर्जमिन गर्नु पर्ने मुचुल्का | ५०० |
| १३ | जन्ममिति प्रमाणित | १०० |
| १४ | विवाह प्रमाणित | १०० |
| १५ | अविवाहित प्रमाणित | २०० |
| १६ | व्यक्तिगत घटना दर्ता संसोधन सिफारिस | ५०० |
| १७ | जग्गा धनीको श्रेस्ता कायम तथा प्रतिलिपी सिफारिस | २०० |
| १८ | जग्गाधनी पुर्जामा घर कायम सिफारिस | २०० |
| १९ | स्थाई वा अस्थाई वसोवास सम्बन्धी सिफारिस | २०० |
| २० | घरजग्गा नामसारी सिफारिस | २०० |
| २१ | मोही लगत कट्टा | ५०० |
| २२ | सम्बन्ध विच्छेद भएको सिफारिस | १००० |

| | | |
|---|---|---|
| २३ | पारिवारिक पेन्सन सिफारिस | ५०० |
| २४ | हकवाला संरक्षक सिफारिस | २०० |
| २५ | नक्कल प्रमाणित दस्तुरः मालपोत रसीद समेत | १०० |
| २६ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल | ५०० |
| २७ | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० |
| २८ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० |
| २९ | घरनक्सा नामसारी | ५०० |
| ३० | घर निर्माण सम्पन्न सिफारिसः आरसिसी | १००० |
| ३१ | घर निर्माण सम्पन्न सिफारिसः कच्ची | ३०० |
| ३२ | घर पाताल प्रमाणित | ५०० |
| ३३ | निजी क्षेत्रमा रुख कटान सिफारिस | ५०० |
| ३४ | जग्गा दर्ता सिफारिस निषेधित बाहेक प्रति रोपनी | १००० |
| ३५ | मिलापत्र दस्तुर | १००० |
| ३६ | नावालक परिचयपत्र सिफारिस | २०० |
| ३७ | जिवितै सिफारिस | ५०० |
| ३८ | व्यक्तिगत घटना दर्ता ३५ दिनसम्म | निःशुल्क |
| ३९ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | १०० |
| ४० | दलित,जनजाति,आदिवासी सिफारिस | १५० |
| ४१ | कर क्लियर सिफारिसः | ५०० |
| ४२ | छात्रवृत्ती सिफारिस स्वदेश अध्ययन | १०० |
| ४३ | छात्रवृत्ती सिफारिस बैदेशिक अध्ययन | ३०० |
| ४४ | खानेपानी जडान सम्बन्धी सिफारिस | १०० |
| ४५ | **उद्योग दर्ताको लागि सिफारिस** | |
| | क. साना | ५०० |
| | ख. मझौला | १००० |
| | ग. ठूला | १५०० |
| ४७ | उद्योग ठाउ सारी सिफारिस | ५०० |
| ४८ | **निजी विद्यालय सञ्चालन तथा कक्षा थप अनुमतिको सिफारिस** | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | १००० |

| | | |
|---|---|---|
| | ख. आधारभूत विद्यालय | १५०० |
| | ग. मा.वि. | २००० |
| | घ. स्नातक/ स्नातकोत्तर | ५००० |
| ४९ | **सामुदायिक विद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी सिफारिस** | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | ५०० |
| | ख. आधारभूत विद्यालय | १००० |
| | ग. मा.वि. | १५०० |
| | घ. स्नातक/ स्नातकोत्तर | २००० |
| ५० | अंग्रेजी भाषामा गरिने प्रति सिफारिस दस्तुर | ३०० |
| ५१ | ग्रामिण क्षेत्रमा चारकिल्ला सिफारिस | २०० |
| ५२ | शहरी क्षेत्रमा चारकिल्ला सिफारिस | ५०० |
| ५३ | ग्रामिण क्षेत्रमा घरबाटो सिफारिस | २०० |
| ५४ | शहरी क्षेत्रमा घरबाटो सिफारिस | ५०० |
| ५५ | संस्था दर्ता सिफारिस | ५०० |
| ५६ | घर ढलान गर्दा वाटो प्रयोग सम्बन्धी सिफारिस | ३०० |
| ५७ | नक्शा प्रमाणित | १००० |
| ५८ | भवन निर्माण अनुमतिपत्रको प्रतिलिपी | ५०० |
| ५९ | व्यवसाय दर्ता सिफारिस | ५०० |
| ६० | गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएका व्यक्तिहरूको परिचयपत्र सम्बन्धी, आर्थिक अवस्था कमजोर भई निःशुल्क उपचार सम्बन्धी सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिसहरूमा सिफारिस दस्तुर छुट दिईनेछ । | |
| ६१ | **माथि उल्लेख भएका बाहेक सबै प्रकारका सिफारिस** | ३०० |
| ६२ | रु १ दखी १० लाख सम्म | .०५ प्रतिशत |
| ६३ | रु १० लाख देखि २० लाख सम्म | .०६ प्रतिशत |
| ६४ | रु २० लाख देखि ३० लाख सम्म | .०७ प्रतिशत |
| ६५ | रु ३० लाख देखि ४० लाख सम्म | .०७ प्रतिशत |
| ६६ | रु ४० लाख देखि ५० लाख सम्म | .०८ प्रतिशत |
| ६७ | रु ५० लाख देखि भन्दा वढी | .०९ प्रतिशत |

| | | |
|---|---|---|
| ६८ | कोटेशन फारम शुल्क | आर्थिक प्र.नियमावली |
| ६९ | टेण्डर फाराम शूल्क | आर्थिक प्र.नियमावली |
| ७० | अमिन दस्तुर | प्रति कित्ता रू १५०० थप प्रति कित्ताको रू १५० |
| ७१ | गाउपालिका सभा हल भाडँ | प्रति दिनको रू १५०० |
| ७२ | वडा कार्यालय सभा हल भाडँ | प्रति दिनको रू १००० |
| ७३ | गिटी ढुंगा (प्रति हेभी ट्रक) | ५०० |
| ७४ | गिटी ढुंगा (प्रति मिनी ट्रक) | ४०० |
| ७५ | गिटी ढुंगा (प्रति ट्याक्टर) | २०० |
| ७६ | वालूवा (प्रति ट्रक) | ३०० |
| ७७ | कटिङ ढुंगा (प्रति ट्रक) | १,५०० |
| ७८ | छपनी सादा ढुङ्गा (प्रति ट्रक) | १,००० |
| ७९ | कटिङ ढुंगा | १,००० |
| ८० | छपनी सादा ढुङ्गा | १,००० |
| ८१ | कालीमाटी र रातो माटो (ट्रक) | २०० |
| ८२ | कालीमाटी र रातो माटो (ट्याक्टर) | १०० |
| ८३ | कालीमाटी र रातो माटो (पावर टिलर) | ५० |
| ८४ | ढुङ्गा गिटी बालुवा चोरी पैठारी निकासा गरेमा उक्त समान जफत गरी प्रति ट्याक्टर जरिवाना(प्रथम पटक,दोस्रो पटक,सो भन्दा माथि) | ५०००, १००००, २०००० |
| ८५ | सल्लाको काकाकाबन | प्रति केजि रू २ |
| ८६ | काचो छाला | प्रति वटा २० |
| ८७ | गाइ।भैसी निकासी/पैठारी(प्रति) | ५०० |
| ८९ | भेडा,बाख्रा,सुंगुर,बंगुर निकासी/पैठारी | १०० |
| ९० | घटना दर्ता प्रतिलिपि दस्तुर | २०० |
| ९१ | सवारी रुट परमिट अनुमति/दर्ता | ३००० |
| ९२ | सवारी रुट परमिट नबिकरण | १००० |

एम्बुलेन्सको भाडादर :

| देखि | सम्म | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अर्जुन चौपारीसदरमुकाम | | हेलु | स्याङजा/वालिङ | पोखरा | पाल्पा | बुटवल | चितवन | काठमाण्डौ |
| | ० | ५०० | १५०० | ३५०० | ५००० | ७५०० | १०००० | १४००० |

- अर्जुनचौपारी सदरमुकाम भन्नाले अर्जुनचौपारी जीरो, मजुवा, तीनघरे, रिमालफेदी लगायत सदरमुकाम चक्रपथको क्षेत्रलाई मानिनेछ । अर्जुनचौपारी सदरमुकामबाट अन्य वडाका स्थानहरुमा एम्बुलेन्स जाँदा प्रति किलोमिटर रु ८० का दरले थप भाडा लिईनेछ । अर्जुनचौपारी गाउँपालिकाको क्षेत्र भित्रबाट विरामीले माथि तोकिएको स्थानमा एम्बुलेन्स प्रयोग गर्दा मात्र यो भाडादर लागू हुनेछ ।
- अस्पतालबाट डिस्चार्ज भइ फिर्ता भएका लागि पनि १०० प्रतिशत नै शुल्क लिइनेछ ।

भू-सेवा केन्द्र सेवा शूल्क र दस्तुर

| क.स | बिषय | आ.व.२०७७।०७८ को लागि प्रस्तावित दस्तुर |
|---|---|---|
| १ | नामसारी | ५००/- |
| २ | दाखिल खारेज | ५००/- |
| ३ | संशोधन,प्रतिलिपी | १००/- |
| ४ | अशबण्डा र अंश बुझेको भरपाई कि.का.गर्नुनपर्नेको | ५००/- |
| ५ | अंशबण्डा र अंश बुझेको भरपाई कि.का.गर्नुपर्नेको | १०००/- |
| ६ | लिखत पारित राजीनामा,सट्टापट्टा,सगोलनामा दर्ताफारी,छोडपत्र,बकसपत्र,दानपत्र कि.का.गर्नुनपर्नेमा | ५००/- |
| ७ | लिखत पारित राजीनामा,सट्टापट्टा,सगोलनामा दर्ताफारी,छोडपत्र,बकसपत्र,दानपत्र कि.का.गर्नुपर्नेमा | १०००/- |
| ८ | सबै किसिमका बन्धकी लिखत रोक्का,फुकुवा दुबै | २५०/- |

**अर्जुनचौपारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, स्यांङ्जा**

**विनयोजन ऐन**

अर्जुनचौपारी गाउँपालिका, स्यांजा को आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

प्रस्तावना : अर्जुनचौपारी गाउँपालिका, स्यांजाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम अर्जुनचौपारी गाउँपालिका, स्यांजाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “अर्जुनचौपारी गाउँपालिका, स्यांजाको विनियोजन ऐन, २०७७” रहेको छ ।

२. आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१)आर्थिक वर्ष २०७७/७८को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३१,८६,९२,१३०.०० (अक्षेरुपी रुपैयाँ एकतिस करोड छयासी लाख बयान्नब्बे हजार एक सय तिस मात्र | ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ विनियोजन : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८को निमित्त अर्जुनचौपारी गाउँपालिका, स्यांजाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची–१**

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

राजस्व तथा अनुदान प्राप्तिको अनुमान रकम रू. हजारमा

| शीर्षक | आ.व. २०७७/७८ को अनुमान |
|---|---|
| आय | ३१८६९२.१३ |
| राजस्व | ६१८३१.१३ |
| आन्तरिक श्रोत | ४००० |

| | |
|---|---|
| भुमिकर/मालपोत | ४००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ५७८३१.१३ |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | ५५५९८.१३ |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | २२३३ |
| अन्य आय | ० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | २५६८६१ |
| संघीय सरकार | २४४८०० |
| शसर्त अनुदान चालु | १६३९०० |
| समानिकरण अनुदान | ८०९०० |
| प्रदेश सरकार | १२०६१ |
| समानिकरण अनुदान | १२०६१ |
| बैदेशिक | ० |
| जनसहभागिता | ० |

## अनुसूची २

## आय र व्यय को स्रोत मिलान

| सि. नं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | प्राप्तिको विधि | अनुमानित आय | अनुमानित व्यय | फरक |
|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार, नेपाल सरकार, 13311 - समानिकरण अनुदान, नगद अनुदान | | | | ८,०९,००,०००.०० | ८,०९,००,०००.०० | |
| १.१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८,०९,००,०००.०० | ८,०९,००,०००.०० | |
